म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक ७४ | शुक्रबार २६ असोज २०८० | ने. सं. ११४३ ञलगा | 13 October 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीबाट गाँजा बोकिरहेको अवस्थामा चारजना पक्राउ

हेटौंडा, २५ असोज/मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाबाट प्रतिबन्धित लागूऔषध गाँजा बोकेर हिँडिराखेको अवस्थामा चारजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्ने चा जना नै अतिसिमान्तकृट चेपाङ समुदायका छन् । मकवानपुर प्रहरीले १ सय ५० किलो लागुऔषध गाँजासहित चारजनालाई पक्राउ गरेको जानकारी दिएको छ । प्रहरीले कैलाश गाउँपालिका-७ बस्ने ३० वर्षीय रामशरण चेपाङ, सोही ठाउँका १९ वर्षीय विश्वराम चेपाङ, ५६ वर्षीय कमानसिं चेपाङ र कृष्णबहादुर प्रजालाई पक्राउ गरेको हो । बुधवार राती मनहरी गाउँपालिका-७ रमौलीमा खटिएको प्रहरीटोलीले गस्ती गर्दै जानेक्रममा उनीहरुलाई गाँजासहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीप्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए । प्रहरीले घटनाबारे अनुसन्धान गरिरहेको जनाएको छ । मकवानपुर लागूऔषध गाँजा उत्पादनका लागि चर्चित छ । गाँजा ओसारपसार गरेकै आरोपमा राक्सिराङ र कैलाशमा धेरै युवा कारागारमा सजाय कटाइरहेका छन् ।

# पशुपतिनाथका विद्यार्थीलाई नियमितताका लागि साइकल

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ मनहरी-४ ज्यामिरेकी सुजाता थिङलाई दैनिक २ घण्टाको पैदलयात्रा गरी विद्यालय आउने र घरजाने समय बचत हुने कुराले खुशी लागेको छ । बिहीबार विद्यालयले साइकल दिएपछि कक्षा १० मा अध्ययनरत सुजाताको एक घण्टा भन्दा बढी समय बचत हुने भएको छ । विद्यालय आउने र जाने समय बचेपछि आगामी दिनमा त्यो समय पढाइमा लगाउन पाइने भएको छ ।

मनहरी-४ स्थित चुवार पाखाका प्रमोद मोक्तान (कक्षा १०) लाई पनि विद्यालयले उपलब्ध गराएको साइकलले विद्यालय आउने जाने समय बचेको छ । प्रमोदलाई पनि विद्यालयले दिएको साइकलले समय बचत हुने र पढाईमा थप समय दिन पाउने भएपछि खुशी लागेको छ ।



सुजाता र प्रमोद जस्ता पशुपतिनाथ माविका एक सय १५ जना विद्यार्थीले बिहिबार साइकल पाएका छन् । विद्यालयले टाढाबाट पैदल आउनुपर्ने विद्यार्थीलाई समय बचत गर्नका लागि साइकल उपलब्ध गराएको हो ।

वनकरिया समुदायका बालबालिका अध्ययन गर्ने नेपालको एकमात्र विद्यालयको रुपमा परिचित पशुपतिनाथ माविमा अध्ययन गर्न आउने केही बालबालिका अढाई घण्टा पैदलयात्रा गर्नुपर्ने बाध्यता छ । बालबालिकाको नियमित उपस्थितिका लागि विद्यालयले साइकल वितरण गरेको हो । मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिका-४ मसिनेमा रहेको पशुपतिनाथ माध्यमिक विद्यालयले कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने ११५ जना विद्यार्थीलाई साइकल वितरण गरेको हो ।

विद्यालयले बस संचालन गर्ने सोच बनाएको थियो तर, बस संचालनमा धेरैखालका चुनौती देखिएपछि विद्यालय बसको बिकल्पमा साइकल वितरण गरिएको विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष माधब गौतमले बताए ।

बिहीबार विद्यालयमा आयोजित कार्यक्रममा बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले विद्यार्थीलाई साइकल वितरण गरेकी हुन् । विब्यस अध्यक्ष गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा मन्त्री मोक्तानले विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका लागि साइकल वितरण गरेर प्रशंसनीय काम गरेको धारणा ब्यक्त गरिन् ।

बीचैमा विद्यालय छाड्ने समस्या, विद्यालय आउनेजाने समयमा भएको बचतले केही हदसम्म भएपनि बालबालिकालाई राहत हुने मन्त्री मोक्तानले बताइन् । उनले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी भर्ना बढाउने र टिकाइ राख्नका लागि प्रदेश सरकारले पनि सहयोग पुर्‍याउने प्रतिवद्धता व्यक्त गरिन् । साइकल पाएका विद्यार्थीको अध्ययनमा सुधार आउनुपर्ने कुरामा जोड दिदै मन्त्री मोक्तानले भनिन्- 'अभिभावकले पनि आफ्ना नानीबाबुलाई निगरानी गर्न आवश्यक छ ।'

मनहरी गाउँपालिकाका कार्यबाहक अध्यक्ष शिबप्रसाद खनालले विद्यालयले बालबालिकाको शैक्षिक अवस्था सुधार गर्नका लागि निरन्तर लागिपरेको भन्दै साइकलले टाढाबाट आउने बालबालिकालाई राहत पुग्ने बताए ।

पशुपतिनाथ माविको शैक्षिकस्तर बिगतमा पनि राम्रै रहेकोले आगामी दिनमा अझै थप सुदृढ हुने अपेक्षा रहेको कावा अध्यक्ष खनालले बताए । बालबालिकाको अभिभावकले विद्यालय पठाएर ढुक्कसँग बस्ने गरेको बताउँदै कावा अध्यक्ष खनालले भने-'अभिभावकको निगरानी कमजोर भयो भने बालबालिकामा गरिएको सबै लगानी खेर जानेछ ।'

विद्यालयले वडा नम्बर ४ को आर्थिक सहयोगमा विद्यार्थीका लागि साइकल खरिद गरेको प्रधानाध्यापक भानुभक्त आचार्यले जानकारी दिए । यो साइकल सही रुपमा उपयोग गर्न आग्रह गर्दै प्रअ आचार्यले विद्यार्थीको समय बचत हुने, सीप सिक्ने, शारीरिक स्वस्थ्यता कायम गर्ने, पैसा बचत गर्ने जस्ता फाइदा लिन विद्यार्थीलाई आग्रह गरे । साइकल दुरुपयो भएको थाहा हुनेबित्तिकै विद्यालयले फिर्ता लिनसक्ने चेतावनी पनि प्रअ आचार्यले दिएका छन् ।

मनहरी-४ का वडाध्यक्ष प्रकाश थापाको अगुवाइमा प्राप्त १० लाख रुपैयाँ बजेटबाट ११५ थान साइकल खरिद गरी वितरण गरिएको हो । वडाअध्यक्ष थापाले विद्यालय आउजाउ गर्न एक घण्टाभन्दा बढी पैदल हिँड्नुपर्ने बाध्यता भएका विद्यार्थीका लागि यसबाट सहजता पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रममा गाउँशिक्षा प्रमुख प्रदीप पराजुली, पूर्ववडाअध्यक्ष ध्रुब खड्का, विब्यस पूर्वअध्यक्ष र ामहरि बिष्टलगायतले साइकलको सही उपयोग गरी बालबालिकाको शिक्षा आर्जमा सुधार गर्न आग्रह गरेका छन् ।

विद्यालयमा ५३९ जना बालबालिका अध्ययन गरिरहेका छन् । गत एसइइ परीक्षामा यो विद्यालयबाट ४० जनाले परीक्षा दिएका र सबै विद्यार्थी उत्तीर्ण भई उच्चशिक्षा अध्ययनका लागि योग्य भएको विद्यालयले जनाएको छ । अधिकतम २ घण्टा ३० मिनेटको पैदलयात्रा गरी विद्यार्थी आउने गरेका छन् । वनकरिया, दनुवार राई, चेपाङ, तामाङ, दलित समुदायका बालबालिका यो विद्यालयमा अध्ययन गरिरहेका छन् ।

# मानसिक रोगीको उपचारलाई अस्पतालमा २५ शैयाको मनोचिकित्सा वार्ड

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ हेटौंडा अस्पतालमा मानसिक रोगबाट प्रभावितको उपचारका लागि मनोचिकत्सा वार्ड सञ्चालनमा ल्याइएको छ । वार्डको बिहीवार बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले उद्घाटन गरेका छन् ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालित हेटौंडा अस्पतालले मानसिक रोगबाट प्रभावित बिरामीहरुलाई लक्षित गरी २५ बेडको मनोचिकित्सा वार्ड सञ्चालनमा ल्याएको छ । वार्ड उद्घाटन गर्दै मन्त्री जोशीले हेटौंडा अस्पातललाई प्रदेशकै उत्कृष्ट अस्पतालका रुपमा विकास गरिने प्रतिबद्धता जनाए ।

'मानसिक स्वास्थ्यका कारण आत्महत्या बढेकाले यसको न्यूनीकरणका लागि उपचारसेवा थप गर्नुपरेको उनको भनाई छ । प्रतिष्ठानका उपकुलपति विश्वराज जोशीले अस्पतालमा मानसिक स्वास्थ्यको उपचार थप गरिएको र अन्य सेवा पनि थप गर्ने योजनामा अस्पताल प्रशासन रहेको जानकारी दिए । मनोचिकित्सा वार्ड संचालनमा आएपछि महगो मूल्यमा निजी स्वास्थ्य संस्थामा उपचार गर्नुपर्ने समस्या हट्ने बताइएको छ ।



प्रतिष्ठानका रजिष्टार राजेश प्रसाईले यसअघि ओपीडीबाटै मानसिक समस्या भएका बिरामी उपचार गरिदै आएकोमा वार्ड संचालन पछि उपचार गर्न सहज हुने बताए । अस्पतालको पुरानो भवनमा महिला र पुरुषलाई छुट्टाछुट्टै २५ शैया क्षमताको मनोचिकित्सा वार्ड सञ्चालनमा आएसँगै मकवानपुरसँगै आसपासका बिरामीलाई सहज हुने भएको छ । गत असारबाट हेटौंडा अस्पतालमा एकजना मनोरोग विशेषज्ञ नियुक्त भइ ओपीडी मार्फत सेवाप्रवाह गर्दै आएको अस्पताल प्रशासनले जनाएको छ ।

हाल सेवा विस्तार गरी आकस्मिक र बिरामी भर्ना सेवासमेत सञ्चालन सुरु भएको हो । वार्ड सञ्चालनका लागि एकजना विशेषज्ञ चिकिकित्सक नियुक्त भइसकेको र थप एकजना विशेषज्ञ चिकित्सकका लागि आवेदन खुला गरिएको छ । अस्पताल व्यवस्थापन समितिबाट ५ लाख रुपैयाँ खर्च गर्ने योजना अनुसार व्यवस्थापकीय काम भइरहेको प्रसाईले बताए । प्रतिष्ठानमा हाल पढाइ भइरहेको विषयका साथै चालु आर्थिक वर्षबाट एमडी साइक्याट्रिक वा मानसिक रोग विशेषज्ञको लागि शैक्षिक कार्यक्रम सञ्चालनको तयारी भइरहेको छ ।

आगामी आर्थिक वर्षदेखि हेटौंडा अस्पतालमा ३ जना मनोचिकित्सक नियुक्त गरी मकवानपुरका विभिन्न पालिकामा शिविरका रुपमा मनोचिकित्सा सेवाप्रवाह गर्ने योजना रहेको प्रसाइ बताउँछन् । प्रतिष्ठानको प्राविधिक सहयोगमा हेटौंडामा रहेको मानवसेवा आश्रममा ३० शैया क्षमताको मानसिक स्वास्थ्य पुनर्स्थापना केन्द्र स्थापनाको तयारी समेत भइरहेको छ । अस्पतालले मानसिक स्वास्थ्य उपचारका लागि २ बजेदेखि ५ बजेसम्म विस्तारित ओपीडी सेवा संचालन गर्ने जनाएको छ ।

# मकवानपुरमा एकैदिन १३ जनामा डेंगू संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ मकवानपुरमा बिहीवार एकैदिन १३ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । पछिल्लो एक हप्तामा बिहीवार धेरै डेंगूका संक्रमित फेला परेका हुन् ।

विगत हप्ता दिनदेखि जोर संख्यामा बिरामी भेटिएका थिएनन् । मकवानपुरमा गत साउन १ गतेदेखि बिहीवार दिउसोसम्मको तथ्यांकअनुसार जिल्लामा हालसम्म डेंगू संक्रमितको संख्या ६ सय १३ पुगेको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । बिहीवार हेटौंडा उपमहानगरपालिकामा ६ जना, भीमफेदी गाउँपालिकामा ४ जना, मकवानपुरगढी र मनहरी गाउँपालिकाका एक-एक जनामा डेंगू संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा हालसम्म संक्रमित भएकामध्ये सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । हेटौंडामा मात्रै हालसम्म ४ सय १० जनामा डेंगू संक्रमण पुष्टि भएको छ । यसैगरी, थाहानगर पालिकाका दुई जना, मकवानपुरगढी गाउँपालिकाका १५ जना, बागमती गाउँपालिकाका २३ जना, मनहरी गाउँपालिकाका ६१ जना, इन्द्रसरोवर गाउँपालिकाका ४ जना, भीमफेदी गाउँपालिकाका ३१ जना, बकैया गाउँपालिकाका १८ जना र राक्सिराङ गाउँपालिकामा २ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

# हेटौंडाका माछामासु पसलमा अनुगमन



साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र मकवानपुरको नेतृत्वमा बिहीवार हेटौंडाका माछामासु पसलमा अनुगमन गरिएको छ ।

चाडपर्व नजिकिएसँगै स्थानीय माछामासु पसल अनुगमन गरिएको हो । हेटौंडाको १६ वटा माछामासु पसलमा अनुगमन गर्ने क्रममा प्रतिवन्धित माहुर माछा, अण्डा र मासु जफत गरिएको छ । हेटौंडा-१० बसपार्कमा रहेको राजु फिस सप्लार्यबाट १६ दशमलव ९ केजी मागुर र खान उपयुक्त नभएको माछा, हेटौंडा-१ मा रहेको रेसु सप्लायर्सबाट अण्डा र प्रतीक मिटसपबाट खानको लागि अनुउपयुक्त मासु बरामद गरिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र मकवानपुरका प्रमुख डा.बज्रकिशोर ठाकुरले जानकारी दिए ।

अनुगमनका क्रममा मासु पसलले अपनाउनुपर्ने न्यूनतम मापदण्डहरु कमले मात्रै पूरा गरेको, सरसफाईमा ध्यान नदिएको र आवश्यक मापदण्ड पूर्णरुपमा पालना नभएको पाइएको उनले बताए । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र मकवानपुरको आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार गरिएको अनुगमनमा खाद्य तथा गुण नियन्त्रण कार्यालय हेटौंडाकाका अनुसन्धान अधिकृत विक्रम लिम्बु, हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय, मकवानपुर उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण मञ्च र मासु व्यवसायी संघका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# विकट कैलाशमा बर्थिङ सेन्टर सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकामा कुनैबेला सामान्य उपचार गर्न सम्भवन पनि थिएन । भौगोलिक विकटताले विकासमा आधारभूत संरचनासमेत निर्माण नहुँदा गाउँबासीलाई सहज उपचारमा सकस थियो ।

विद्युतसमेत नपुगेका कारण भिडियो एक्सरेसमेत नहुने विगतको कैलाशमा हाल उपचार सेवाले निरन्तर वृद्धि पाइराखेको छ । हाल कैलाश गाउँपालिकाले गाउँमै भिडियो एक्सरेसहितको उपचारसेवा प्रदान गर्न बर्थिङ सेन्टर सञ्चालनमा ल्याएको छ । गाउँमै विशेषज्ञ डाक्टर सहित आधुनिक उपकरण उपलब्ध भएपछि सुत्केरी हुनका लागि अब चारघण्टाको कष्टकर यात्रा तय गर्नुपर्ने समस्या हटेको हो । भौगोलिक रुपमा विकट रहेको मकवानपुरको कैलाश गाउँपालिकाले भिडियो एक्सरेसहित बर्थिङ सेन्टर सेवा सञ्चालनमा ल्याएसँगै सुरक्षितरुपमा सुत्केरी हुनका लागि हेटौंडा वा मनहरी जानुपर्ने बाध्यता हटेको हो ।

गाउँपालिकाले तामलाङ स्थित ७ नम्बर वडामा रहेको डिको स्वास्थ्यचौकीमा यो सेवा सञ्चालनमा ल्याएको छ । बर्थिङ सेन्टरबाट नियमित गर्भपरीक्षण, पोषणको



अवस्था तथा सुरक्षितरुपमा सुत्केरी हुने व्यवस्था मिलेको छ । गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानले एक्सरे सहित गर्भावस्था जाँच तथा बर्थिङ सेन्टरको उद्घाटन गरी सञ्चालनमा ल्याएका छन् । उनले उपकरण र विशेषज्ञ डाक्टरको अभावमा सुत्केरी हुने समयमा कसैले पनि ज्यान गुमाउन नपरोस भनेर बर्थिङ सेन्टर स्थापना गरिएको बताए ।

उनका अनुसार पालिकाको वार्षिक नीति तथा योजनामै समेटेर 'गर्भवतीसँग पालिका प्रमुख' कार्यक्रमअन्तर्गत सेवा सञ्चालनमा आएको हो । यसअघि यहाँका गर्भवती सुत्केरी हुनका लागि हेटौंडा वा मनहरी गाउँपालिका जाने गरेका थिए । भौगोलिक रुपमा विकट र बाटो नहुँदा उनीहरु समस्यामा पर्दै आएको थियो । यस पालिकामा अति सीमान्तकृत चेपाङ र तामाङ समुदायको बाहुल्यता रहेको छ । आर्थिक अभावमा उनीहरुले नियमित गर्भ परीक्षण नगर्ने भएकाले स्वास्थ्य चौकीमै विशेषज्ञ डाक्टर र भिडियो एक्सरेसहित सेवा सुरु गरिएको वडाध्यक्ष उदास भ्लोनले जानकारी दिए ।

उनका अनुसार एकैदिन ४० जनासम्म गर्भवतीले स्वास्थ्य परीक्षण गरेका छन् । डा. बिदुर भण्डारीको टोलीले गर्भवती महिलाले गर्भावस्था परीक्षण गरिरहेका छन् । पालिकाका सबै गर्भवती महिलाले सुरक्षितरुपमा गर्भावस्था जाँच सेवा प्रदान गर्ने गरी हेटौंडा अस्पतालका डा. भण्डारीसँगको सहकार्यमा महिनाको दुईपटक गाउँपालिकामा सेवा दिने गरी तालिका निर्माण गरिएको छ । गाउँपालिकाका स्वास्थ्य संयोजक कृष्णकुमार यादवले पालिकाको २, ३, ५, ८ र ९ नम्बर वडामा यसअघि नै वर्थिङ सेन्टर सञ्चालनमा रहेको जानकारी दिए ।


## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# अपारदर्शी स्थानीय सरकार

स्थानीय तहको निर्वाचनपछि सर्वसाधारण जनताले लामो समयपछि स्थानीय जनप्रतिनिधि पाए । २०५४ मा भएको स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको पदावधि २०५९ मा सकिएपछि २०७४ सम्म कर्मचारी संयन्त्रले चलाएको थियो । मुलुक संघीय संरचनामा गएपछिको पहिलो निर्वाचन २०७४ मा भएको थियो । यो निर्वाचनपछि गाउँगाउँमा सिहदरबार भनेर ठूलो नारा लगाइयो । गाउँमा सिंहदरबार आएको आभाष जनताले गरेसँगै विकासले पनि फड्को मार्ने अपेक्षा थियो । तर, जनअपेक्षा अनुरुप साँच्चिकै विकासले फड्को मारेन । पहिलेको स्थानीय निकायमा हुने गरेको भ्रष्टाचारको श्रृंखलाहरु अब दोहरिदैनन् भन्ने अपेक्षा नागरिकले गरेका थिए । स्थानीय निकायमा योजना छनोट गर्दा आवश्यकता र प्राथमिकता हेर्नुभन्दा पनि आफन्त र कार्यकर्तामुखी हुने गरेको आरोप छ । योजना छनोटमा समाजको भौगोलिक, आर्थिक-सामाजिक र नागरिकको आवश्यकता र चाहनाको बीचमा समदूरी कायम गर्नभन्दा पनि निश्चित वर्ग, क्षेत्र र समुदायको प्रभावमा योजना छनोट गर्ने गरेको देखिन्छ । कार्यकर्ता खुशी पार्न जथाभाबी योजना छनोट गर्दाको परिणाम अख्तियारमा उजुरीको चाङ बढेको हो । हरेक वर्ष अख्तियारमा उजुरीको चाङ बढ्दै गएपछि जनस्तरमा निराशाको आकार पनि बढ्दै गएको छ । निर्वाचित जनप्रतिनिधि सेवकको रुपमा भन्दा पनि शासकको रुपमा प्रतुत भएपछि पदीय दुरुपयो पनि बढ्दै गायो ।

गत आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेशभित्र ५ हजार ३ सय ६० वटा उजुरीहरु दर्ता भएको आयोगले जानकारी दिएको छ । आयोगको हेटौंडा कार्यालयले अघिल्लो आर्थिक वर्ष २०७८/७९ बाट गत आर्थिक वर्षमा १ हजार ४ सय ४७ मुद्दा जिम्मेवारी सरेर आएको थियो । कुल ६ हजार ८ सय ७ उजुरीमध्ये गत आर्थिक वर्षमा आयोगको हेटौंडा कार्यालयले ४ हजार ४ सय २० उजुरी फछ्र्यौट गरेको प्रतिवेदनमा उल्लेख छ । जसमध्ये गत आर्थिक वर्षको ३ हजार ६ सय २८ उजुरी र अघिल्लो आर्थिक वर्षको ७ सय ९२ उजुरी फछ्र्यौट भएका छन् । गत आर्थिक वर्षमा कार्यालयले ६४ दशमलव ९३ प्रतिशत उजुरीहरु फछ्र्यौट गरेको छ । प्रतिवेदन अनुसार बागमती प्रदेशका स्थानीय तहहरुमा गत आर्थिक वर्षमा मात्र १ हजार ४ सय ४२ उजुरीहरु प्राप्त भएको छ । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ३ सय ३५ उजुरी सहित कार्यालयलाई स्थानीय तहका कुल १ हजार ७ सय ७७ उजुरी प्राप्त भएकोमा १ हजार १ सय ७१ उजुरी फछ्र्यौट गरिएको छ । बागमती प्रदेशका ४ सय ७७ निकायविरुद्ध कार्यालयमा गत आर्थिक वर्षमा उजुरी परेको थियो भने अघिल्लो आर्थिक वर्षबाट ७२ वटा उजुरी जिम्मेवारी सरेर आएको थियो । जसमध्ये कार्यालयले ३ सय ५ वटा उजुरी फछ्र्यौट गरेको छ । प्रदेशमा रहेका ३ हजार ४ सय ४१ संघीय सरकारी निकायविरुद्ध कार्यालयमा उजुरी प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ । संघीय निकायहरु विरुद्धको १ हजार ४० सहित गत आर्थिक वर्षमा कुल ४ हजार ४ सय ८१ वटा उजुरीहरु प्राप्त भएको थियो । जसमध्ये २ हजार ८९० उजुरी फछ्र्यौट गरिएको छ ।

कार्यालयमा प्राप्त कुल २ हजार ३ सय २६ उजुरीमध्ये १ हजार ४ सय ४६ उजुरी प्रारम्भिक छानबीनबाट फछ्र्यौट भएका छन् भने १ सय ११ वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय गरिएको छ । ६ सय १३ उजुरी तामेली, ३ सय ५८ उजुरी एकीकरण गरिएको छ । १ सय ३१ उजुरी आयोगको सम्बन्धित महाशाखामा पठाइएको र २ सय ३३ उजुरीउपर कानुनबमोजिम अन्य आवश्यक कारबाहीका लागि विभिन्न निकायमा पत्राचार गरिएको कार्यालयले जानकारी दिएको छ । बुधवार आयोगको कार्यालय हेटौंडाको प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख यादवचन्द्र शर्माले आयोगको सक्रियताले बागमती प्रदेशमा भ्रष्टाचार न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको बताए । उनले न्यायमा आधारित समतामूलक, सुशासनयुक्त समाज र राज्य निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । उनले आयोगको प्रभावकारिता अझै बढाउनुपर्नेमा जोड दिए । आयोगले सम्पादन गरेको प्रदेशभित्रका विषयवस्तु समेटिएको वार्षिक प्रतिवेदनको सारसंक्षेप प्रस्तुत गरिएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज २७ गते शनिबार १४ अक्टोबर २०२३ । औंसी, आश्विन कृष्णपक्ष । ञलगा ११४३ ने.सं. । सूर्योदय ६:०३, सूर्यास्त ५:३५ । विश्व गुणस्तर दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : त्रासमय दिन हुनेछ | तुला | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| वृष | : खानपिन राम्रो हुनेछ | वृश्चिक | : पारिवारिक जमघट हुनेछ |
| मिथुन | : शरीरमा बाधा पुग्न सक्नेछ | धनु | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कर्कट | : मन पर्ने उपहार पाइने योग छ | मकर | : कामबाट फुर्सद मिल्नेछ |
| सिंह | : प्रतिष्ठित काम गर्ने मौका छ | कुम्भ | : सहयोगीको राम्रो साथ पाइनेछ |
| कन्या | : आत्म-विश्वास बढ्नेछ | मीन | : रोकिएका काम बन्ने योग छ |

# संसदीय लोकतन्त्रको पक्षमा उभिनुका आधार



✍ मेखराज उदय

नेपालको संविधान, २०७२ निर्माणको आठ वर्ष पूरा भई भर्खरै नवौं वर्षमा प्रवेश गरेको छ । विगतका बलिदानी, शहादत, त्याग, संघर्ष, आन्दोलन र जनताको रगत-पसिनाको परिणामस्वरूप यो संविधान प्राप्त भएको हो । संविधानले मूलत: संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता र समानता तथा आंशिक रूपमा समावेशी सिद्धान्तलाई वैधानिकता प्रदान गरेको छ । यो नेपाली जनता र मुलुकका लागि असाधारण उपलब्धि हुन् ।

संविधानको कार्यान्वयन, ऐन-कानुनहरूको निर्माण र अपेक्षित संशोधन आवश्यक छ । भारतका संविधान निर्माता समेत रहेका विद्वान् डा. भीम राव अम्बेडकरको शब्दमा संविधान केवल वकिलको कागजात मात्रै होइन, यो जीवनको वाहन हो र यसको भावनासँग सधैं युगको भावना रहन्छ । संविधान भनेको बहुमतको बलमा तत्कालीन समयमा शक्तिमा रहेका स्वार्थ समूहको लेनदेन र स्वार्थमा बलपूर्वक निर्माण गरिने राजनीतिक दस्तावेज हो ।

अत: स्वार्थ र शक्तिशाली समूहको गठन, पतन, विघटन र नयाँ निर्माण भइरहने स्वाभाविक प्रक्रिया भएको हुँदा यो संशोधनीय दस्तावेज हो, हुन्छ । जुन कुनै संविधानले सधैं समयानुकूल संशोधनको अपेक्षा र माग गर्दछ । यो शाश्वत सत्य र कानुनी मात्रै होइन, राजनीतिक बुझाइ हो ।

नेपाल बन्न नसक्नुका धेरै कारण छन् । बस्न लायक देश किन बनाउन सकिएन ? अथवा बस्न लायक देश बनाउन के के गर्नुपर्ला ? प्रगतिशील, विकास, समृद्धि, समानता, समावेशिता, न्याय र शान्तिपूर्ण मुलुक बनाउन के के बाधक छन् ? पैसा, नि:शुल्क र गुणस्तरीय शिक्षा, सर्वसुलभ र आधुनिक स्वास्थ्य, रोजगारी, शान्तिसुरक्षा आदि आधारभूत आवश्यकता पूर्ति गर्न सक्ने राज्य निर्माण गर्न सक्ने हो भने, नेपाल बस्न लायक मुलुक बन्छ ।

राज्य व्यवस्था, शासन पद्धति, नीति र नेतृत्व कस्तो भएको अवस्थामा देशको तरक्की सम्भव छ ? कतै देशको शासन प्रणाली, मुलुकको नीति र नेतृत्व नै असफल वा गलत त छैन ? प्रश्न हजार उठाउन सकिन्छ ।

नेपालमा २००७ सालको परिवर्तन पश्चात् नै संसदीय बहुदलीय व्यवस्था प्रयोग गरियो । त्यसबीच शाही पञ्चायत (जुन अवधिमा बहुदल वर्जित थियो) तथा माओवादी विद्रोह र दरबारका कारण तत्कालीन संविधान र संसदीय प्रजातन्त्र नै संकटमा पर्‍यो । ती संकट र संक्रमणकालीन अवधिलाई छाडेर अन्य समयमा मुलुक संसदीय लोकतान्त्रिक पद्धतिमा शासित हुँदै आइरहेको छ ।

संसदीय व्यवस्थाको विरोधी शक्तिहरूको एकसूत्रीय आरोप छ, नेपाल नबन्नु, असफलतातिर जानु, जातीय, क्षेत्रीय, लैंगिक, वर्गीय, धार्मिक र साम्प्रदायिक विभेद, असमानता, असभ्यताको एक मात्रै कारण संसदीय व्यवस्था हो । उनीहरू प्रश्न गर्छन्, संसदीय व्यवस्था कारण होइन भने हालसम्म देश किन बनेन ? विभेद, असमानता, हिंसा, बेरोजगारी, दमन, भोकमरी, अभाव, अस्थिरता आदि कष्टबाट मुक्ति पाउन किन सकिएन ?

यस प्रसंगमा भोल्टेयरको एक प्रसिद्ध भनाइ स्मरणीय हुन सक्छ, 'कोही व्यक्तिको मूल्यांकन उसको जवाफको सट्टा उसको प्रश्नका आधारमा गर्नुस् ।' सन् १६९४ मा पेरिसमा जन्मिएका भोल्टेयर महान् साहित्यकार हुन् । के संसदीय लोकतन्त्र नै यी सबै समस्याका मुख्य कारण र आधार हुन् त ? सवाल स्वाभाविक नै लाग्छ । यस आलेखमा शासन पद्धति र त्यसमा पनि संसदीय लोकतन्त्रका दृष्टिकोणबाट बहसको थालनी गरिएको छ ।

**संसदीय लोकतन्त्र कसरी उत्तम ?**

संसदीय लोकतन्त्र हाम्रो जस्तो विविधतापूर्ण मुलुकमा सबैभन्दा उपयुक्त व्यवस्था हो । लोकतन्त्र, त्यसमा पनि संसदीय लोकतन्त्र । जातीय, क्षेत्रीय, लैंगिक, धार्मिक, आर्थिक विविधता र विभेद समेत रहेको समाज वा मुलुकमा संसदीय व्यवस्थाको विकल्प छैन । संसद जनताको सार्वभौमसत्ता र राष्ट्रको सार्वभौमिकता प्रयोग गर्ने संस्था हो ।

नेपालमा संसदलाई सत्ता, स्वार्थ र कमिसनको गोलचक्करमा फसाइयो । संविधान बमोजिमको आम निर्वाचनबाट गठन भएको संसद (संघीय र प्रदेश दुवै) को पहिलो कार्यकाल समाप्त भई दोस्रो संसद गठनको पहिलो वर्ष अन्त्यको चरणमा पुगिएको छ । संविधान कार्यान्वयनका निम्ति निर्माण गरिनुपर्ने सय भन्दा बढी कानुनका मस्यौदा संसदमा अलपत्र पारिएका छन् । अझै कति कानुनका सम्बन्धमा छलफल, बहस नै भएका छैनन् ।

संविधानले संविधान घोषणाको ३ वर्षभित्र सबै ऐन, कानुनको अनिवार्य निर्माणको संवैधानिक सुनिश्चितता गरेको छ । तथापि संघीय सरकार, संसद संविधान कार्यान्वयनका निम्ति ऐन, कानुन निर्माण गर्न इच्छुक र जिम्मेवार देखिंदैन । निराशा यस कारण पनि छ कि, पुराना दलको गैरजिम्मेवार हर्कतभन्दा पृथक् भूमिका नयाँ भनिएका दलहरूको समेत देखिंदैन ।

सामान्यतया संसदीय व्यवस्थामा बहुमत प्राप्त दलले सरकार सञ्चालन गर्छ । संसदको त्यो कार्यकालभरि अन्य दलहरू निर्वाचन परिणामले निर्धारण गरिदिएको हैसियत अनुसार संसदमा प्रतिपक्षको भूमिका निर्वाह गर्छन् । अर्को निर्वाचनसम्म हैसियत अनुसार भूमिका निर्वाह गर्नु र सरकारको गुण र दोषका आधारमा समर्थन वा विरोध गर्नु प्रतिपक्षी दलको संवैधानिक, नैतिक र राजनीतिक कर्तव्य एवं दायित्व दुवै हुन् । तथापि हाम्रो संसदमा कुनै एक दलको स्पष्ट बहुमत प्राप्त भएन ।

यस्तो अवस्थामा पहिलो दलको नेतृत्वमा तेस्रो र अन्य दलहरूको समर्थनमा सरकार गठन गरिनु संसदीय परम्परा, मान्यता बमोजिम न्यायोचित हुन्थ्यो । किनभने दोस्रो दल सशक्त प्रतिपक्षी हुँदा संसदमा सरकारलाई जिम्मेवार बनाउन बलियो भूमिका खेल्दछ ।

विडम्बना नेपालमा कमजोर तेस्रो दलको नेतृत्वमा सरकार गठन हुन पुग्यो । जसका कारण प्रधानमन्त्रीलाई सधैं सत्ता गठबन्धनको दबाव र स्वार्थको झन्झटमा फस्नुपर्ने बाध्यताले उम्कनै नदिने अवस्था छ ।

त्यसको प्रत्यक्ष प्रभाव संसद र संसदको बिजनेसमा पर्न गएको स्पष्ट छ । त्यसमाथि संसदमा प्रमुख प्रतिपक्षी दलको नेता समेत रहेका केपी ओली र उनले नेतृत्व गरिरहेको दल नेकपा एमालेको गैरजिम्मेवार र असंसदीय चरित्र एवं व्यवहारको चपेटामा संसद पर्ने गरेको छ । ज्ञातव्य छ, एमाले एकै कार्यकालमा दुई पटक असंवैधानिक संसद विघटन गर्ने र कुण्ठापूर्वक विना कारण लामो समयसम्म संसद अवरोध गरी चल्न नदिने गैरजिम्मेवार दल हो ।

कांग्रेसलाई भने सत्ताका निम्ति जे पनि गर्ने स्वघोषित अधिकार छ । कांग्रेसलाई हरेक अलोकतान्त्रिक, असंसदीय र कतिपय गैर संवैधानिक समेत काम र व्यवहार गरेर भए पनि सत्तामा टाँसिनु छ । र, ती हर्कत कांग्रेसले गरेको हुँदा स्वाभाविक र लोकतान्त्रिक भएको मान्यता पाउने गरेका थुप्रै उदाहरण देखिंदै आइएका हुन् ।

त्यसैले संसदीय व्यवस्थाका कारणले होइन, बरु दल र उसका अक्षम नेतृत्वका कारण संसदीय लोकतन्त्र परिणामहीन र असफलता उन्मुख देखिएको चाहिं सत्य हो । अब यसको अर्को पाटो पनि खोलौं ।

कतिपयलाई लाग्छ, संसदीय व्यवस्था नै गलत छ । त्यसको सट्टा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति रहने व्यवस्थामा जाऔं । विशेषत: डा. बाबुराम भट्टराईको परम्परागत मान्यता छ, प्रत्यक्ष निर्वाचित कार्यकारी र समानुपातिक संसद । यो सबैभन्दा अर्थहीन, असफल र व्यर्थको विकल्प हो ।

पहिलो कुरा प्रत्यक्ष निर्वाचित कार्यकारी रहने व्यवस्था गरिएमा केवल बाहुनहरूको सयौं वर्ष एकल राज चल्नेछ । दलित, आदिवासी जनजाति, महिला, मधेशी, गैरहिन्दु समुदायको कुरा छाडौं, खस, नेवार समुदायको समेत प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति बन्ने हैसियत छैन ।

कार्यकारी नभए पनि पूर्ण समानुपातिक संसद हुन्छ भन्ने तर्कमा पनि दम छैन । किनभने प्रत्यक्ष निर्वाचित कार्यकारी रहने व्यवस्थामा व्यक्ति नागरिक (जनता होइन) द्वारा प्रत्यक्ष निर्वाचित भएका हुन्छन् । संसदीय व्यवस्थामा जस्तो संसदमा बहुमत पुर्‍याउनुपर्ने र अन्यथा सरकार ढल्ने भय उसलाई हुँदैन ।

संसदीय व्यवस्थामा कार्यकारी अर्थात् प्रधानमन्त्री संसदप्रति जिम्मेवार हुने हुँदा निरंकुश हुनबाट रोक्छ । प्रधानमन्त्री गैरजिम्मेवार भए भने संसदद्वारा उनलाई पद मुक्त गरी नयाँ सरकार गठन गर्ने विकल्प बाँकी रहन्छ । त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी रहने र पूर्ण समानुपातिक संसदको औचित्य छैन । बरु संसदीय व्यवस्थामा पूर्ण समानुपातिक संसद जरूरी छ ।

मधेशी र आदिवासी मूलको दल जसपा, जनजाति र दलित नेतृत्वका केही राजनीतिक समूह समेत प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय व्यवस्थाको पक्षमा देखिन्छन् । उनीहरू आफ्नो समुदाय बहुसंख्यक र बहुमत रहेकाले प्रत्यक्ष निर्वाचित भइने विश्वास राख्छन् ।

तथापि विगतका निर्वाचनहरूका उनीहरूका समूहले वडास्तरमा समेत विजयी बन्न नसकेका र समानुपातिकमा २० हजार मत कटाउन नसकेको देखिएकै छ । समुदाय, जाति, क्षेत्रको राजनीति गर्ने शक्तिहरूको ध्यान यतातर्फ जानुपर्ने देखिन्छ ।

कथित वैज्ञानिक समाजवादीहरूको कुरा धेरै नगरौं । उनीहरूको भनाइबाट यस्तो बुझिन्छ, उनीहरूसँग यस्तो बस वा कुनै सवारी साधन छ, जसमा बस्दा बित्तिकै एकै पटक वैज्ञानिक समाजवादी व्यवस्थामा पुगिन्छ ! नेपालमा यो भ्रमजाल अब बिक्दैन, बिकाएर पनि काम छैन ।

अर्को पनि तर्क सुनिन्छ, संसदीय पूँजीवादले महिलालाई दास बनायो रे ! दलितलाई विभेद र छुवाछूतबाट पीडित बनाउने पनि यही पूँजीवाद नै हो । हाम्रा राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका युवा यही विचारबाट ग्रसित छन् । पूँजीवादले महिलालाई दासबाट मुक्ति दिलाएको छ । आजकल महिलाका नाममा सम्पत्ति राखिन्छ, जागिरे, व्यवसायी महिलाको संख्या बढेको छ । यो पूँजीवादको सफलता हो । हिजोको सती प्रथा पनि दलाल पूँजीवादको कारण हो भन्ने मान्यता राख्छन् हाम्रा क्रान्तिकारी कामरेडहरू ।

अन्त्यमा, संविधान नमान्ने शक्तिको पनि अधिकार व्यवस्था गरेको छ हाम्रो संविधानले । किनभने यो लोकतान्त्रिक संविधान हो । हो, लोकतन्त्रमा गैरलोकतान्त्रिक शक्तिहरूको हक सुरक्षित राखिएको हुन्छ । उदाहरण हामीसँगै छन् । जस्तै, कथित वैज्ञानिक समाजवादीहरू र पूर्व दरबारिया पश्चगामी शक्तिहरू । दुवै शक्तिबीच मूलत: एक समानता छ, दुवै गैरलोकतान्त्रिक हुन् र यो संविधानको विघटन वा अन्त्य चाहन्छन् । लोकतन्त्रका लागि संविधान बचाऔं । *(साभार: अनलाइनखबर)*

# सामाजिक सञ्जालका अन्धभक्तबाट बिथोलिँदो सद्भाव

✍ राजेन्द्र किराती

नेपालमा पछिल्लो समय सामाजिक सद्भावमाथि प्रश्न उठ्न थालेको छ । विगत लामो समयदेखि बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक समुदायहरू अन्तर्घुलित भएर बसेका छन् । तर पछिल्लो समय हाम्रो सामाजिक सद्भाव बिग्रिन थालेको आभाष हुन्छ । यसै क्रममा नेपालगञ्जमा हिन्दु र मुस्लिमहरूबीच मुठभेडको अवस्था सिर्जना भएको छ । त्यहाँ निषेधाज्ञासमेत जारी गरियो ।

केही समयअघि धरानमा गोरु काटेर खाँदै गरेको भिडियो सार्वजनिक भएपछि स्थिति निकै तरङ्गित भएको थियो । यसविरुद्ध विभिन्न हिन्दु सनातन धर्मावलम्बीहरूले गम्भीर आपत्ति जनाइसकेको छ । गत भाद्र ९ गते पहिचान पक्षधरहरूले धरानमा कोशी प्रदेश नाम खारेजीका लागि बृहत् विरोध प्रदर्शन र अन्तर्क्रिया गर्ने पूर्वनिर्धारित कार्यक्रम थियो । तर यता गोरु काण्ड सतहमा आइसकेपछि भने हिन्दुवादीहरूले त्यही दिन धरानमा विशाल र्‍याली र विरोध प्रदर्शनको कार्यक्रम गर्ने निर्णय गरे । तब धरानको स्थिति जटिल मोडमा पुग्यो । यही गाम्भीर्यतालाई मध्यनजर राख्दै सबै राजनीतिक दल र नागरिक समाजहरूले शान्ति र सद्भाव र्‍यालीहरू आयोजना गरे । देश-विदेश, सरकार र साधरण नागरिक सबैको ध्यान धरानतिर खिचियो । कतिसम्म भने भाद्र ९ गते धरानभरी निषेधाज्ञा नै जारी गर्नुपर्ने दु:खद र बाध्यात्मक अवस्था सिर्जना भयो ।

वस्तुत: पछिल्लो समय हाम्रो समाज अलि बढी अराजक, अलि बढी इमोसनल, अलि बढी साम्प्रदायिक, अलि बढी धार्मिक अनि अलि बढी क्षेत्रीयतावादी हुँदै गएको छ । यस्तो मनोविज्ञानको विकास अंशमा, भावनामा वा कसैलाई सही र स्वादिलो भए पनि समग्र नेपाली समाजको स्वार्थबाट हेर्दा गलत हुन्छ । यसरी शीघ्र तरङ्गित र इमोसनल प्रतिक्रियासँगै सामाजिक सद्भाव नै खलबलिने अवस्थासम्म आइपुग्नुमा कुन कुन पक्ष जिम्मेवार छ भन्ने सन्दर्भमा तल चर्चा गरिएको छ ।

**सञ्जालमा आधारित धारणा**

पछिल्लो समय कुनै पनि वस्तु, सत्ता र व्यक्तिप्रति धारणा बनाउन दस्ताबेज अध्ययन गर्नु पर्दैन । भेटेर प्रत्यक्ष दोहोरो कुराकानी गरेर सत्यतथ्य पत्तो लगाउनु पर्दैन । वस्तुगत आधार र प्रमाण पनि जरुरी हुँदैन । विवादित सवालमा दुवै पक्षलाई राखेर छलफलसँगै छानबिन पनि गर्नु पर्दैन । यसका लागि आम सामाजिक सञ्जालमा जे बगिरहेको छ त्यही नै सत्य, यथार्थ र निर्णायक हुन थालेको छ । वस्तुत: सामाजिक सञ्जालमा बग्ने सबै कुरा सत्य नै हुन्छ भन्ने हुँदैन । यसमा आआफ्नो स्वार्थ, चाहना र इच्छाहरू अभिव्यक्त भइरहेको हुन्छ । रिस, राग, ईर्ष्या र अन्तर्विरोधहरू पोखिएको हुन्छ । धेरै जसो कुरा कसैद्वारा निर्देशित, परिचालित र प्रायोजित हुने गर्दछ । तर अधिकांश सञ्जाल प्रयोगकर्तालाई यो सच्चाइको न्यूनतम ज्ञान छैन । सामाजिक सञ्जालमा अभिव्यक्त हुने चोटिलो, घोचिलो, स्वादिलो र पेचिलो उत्तेजना र भावनामा ठूलो हिस्सा तरङ्गित भइरहेको छ । यस्तो रवैयाले कसैलाई क्षणिक रूपमा फाइदै फाइदा र हर्षोल्लास होला तर यसले अन्तत: सही गन्तव्यमा पुर्‍याउँदैन ।

वस्तुत: हाम्रो समाजलाई राजनीतिक-वैचारिक आयामले नेतृत्व गरिरहेको छैन । विचार सिद्धान्तद्वारा निर्देशित समाज भनेको सचेत, स्पष्ट र अटल हुन्छ । भड्काव, वहकाव र मिडिया स्टन्टबाजी सजिलै बुझ्ने हैसियत राख्छ । उनीहरूलाई निश्चित राजनीतिक, वैचारिक स्कुलिङ हुन्छ । विधि र प्रक्रिया थाहा हुन्छ । यसमा कुनै पनि वस्तु वा व्यक्तिलाई द्वन्द्वात्मक नजरबाट हेरिन्छ । आधारभूत आलोचनात्मक चेत राख्ने गरिन्छ । निरपेक्ष निषेध वा विरोध गरिँदैन ।

शिघ्र भावनामा होइन सोचेर सुझबुझसहित समर्थन, विरोध, क्रिया र प्रतिक्रिया अभिव्यक्त गरिन्छ । तर राजनीतिक-वैचारिकीले नेतृत्व नगरेको समाज तथ्य घटनामा भन्दा पनि सामाजिक सञ्जालजन्य हल्ला र प्रचारबाजीको पछि पछि दौडिरहेको हुन्छ । रूपवादी माहोल, आडम्बर र ढोंग हाबी हुन्छ । यस्तो वस्तुगत धरातलमा समाजको ठूलो हिस्सा बहकिने, बरालिने, भड्किने अनि भावनामा तरङ्गित र उत्तेजित हुने गर्छ । उनीहरूको मनोविज्ञान सुहाउँदो भाष्यहरू सिर्जना गरिन्छ । साथै उत्तेजित विषयवस्तु पस्किने गरिन्छ । तब स्थिति झनै विकराल र अराजक हुँदै जान्छ ।

**वैदेशिक स्वार्थ**

नेपाल पछौटे अर्थराजनीतिक उत्पादन सम्बन्ध भएको मुलुक हो । तर भूमण्डलीकरणसँगै विकास भएको विज्ञान र प्रविधिका कारण आम उपभोगवादी सोच भने विकसित मुलुकहरूको नागरिकको भन्दा अझ बढी देखिन्छ । यस्तो मुलुकमा दलाल पुँजी उत्पादन हाबी हुन्छ । दलाल पुँजीवाद हाबी भएको समाजमा वैदेशिक हस्तक्षेप र षड्यन्त्र अनौठो हुँदैन । त्यसैले नेपालको हरेक मुद्दामा धेरथोर प्रत्यक्ष र परोक्ष हस्तक्षेप गरिरहेकै हुन्छ । हस्तक्षेपको नवऔपनिवेशिक शृंखलामा उनीहरू असाध्यै छद्म भेषमा आउने गर्दछ । त्यस कारण आजका कतिपय हस्तक्षेप धेरैले अनुभूति नै गर्न सक्दैन । हाम्रै आन्तरिक झगडा र द्वन्द्व भनेर उनीहरूलाई झन् अनुकूल बनाइदिने गर्दछ । यसमा रूपमा आन्तरिक द्वन्द्व जस्तो देखिए पनि सारमा वैदेशिक रणनीतिक हस्तक्षेप निर्णायक हुने गर्दछ ।

तर वास्तविकता धेरै भिन्न छ । हाल भारतमा भाजपाको सरकार छ । यो हिन्दुवादी सरकार हो । भारतीय हैकम र दादागिरी भोग्ने तपाईं हामी धेरै छौं । अहिले नै ऊ ज्ञानी भइसक्यो भन्ने बुझाइ गलत हो । यस्तो हेपाह प्रवृत्ति बोकेको ठूलो छिमेकी मुलुकले नेपाल जस्तो सानो र कमजोर स्रोतसाधन भएको मुलुकमा यस्तो बेला कुन कुन कोणबाट पकड जमाउन सकिन्छ भनेर सोच्दैन भन्न सकिन्न । उसले नेपाललाई हिन्दु राज्य बनाउन सबैखाले चलखेल गरिरहेको बुझ्न कठिन छैन । आज धेरैले यसको प्रभाव वा दुष्प्रभावको अनुभूति नै गर्न थालेका छन् । यो क्रम अझ बढ्दै जाने सम्भावना देखिन्छ । उता पश्चिमा शक्ति र भाजपा बीच त्यति राम्रो सम्बन्ध त छैन । तर बढ्दो चिनियाँ प्रभावका कारण पश्चिमाहरूलाई पनि नेपालमा अस्थिर धरातल चाहिएको सत्य हो । यस्तो वस्तुगत धरातलमा उनीहरूलाई पनि जातीय, धार्मिक, साम्प्रदायिक तथा सांस्कृतिक भड्कावजन्य गतिविधि अनुकूल हुने देखिन्छ । किनभने अस्थिर ताकै बहानामा साम्राज्यवाद घुस्दै आएको तितो इतिहास जगजाहेर छ ।

**रक्षात्मक राजनीतिक मुद्दा**

वस्तुत: विदेशी शक्तिकेन्द्रहरूलाई हस्तक्षेपका लागि अनुकूल धरातल भनेको आन्तरिक द्वन्द्व नै हो । यसका लागि उनीहरूले राजनीतिक अन्तर्विरोधलाई पहिलो अस्त्र बनाउँदै आएको देखिन्छ । उदाहरणका लागि राजावादी र गणतन्त्रवादी अनि समाजवादी र पुँजीवादी बिचको द्वन्द्वमा आफ्नो स्वार्थ सिद्ध गर्ने । तर पछिल्लो समय सबै राजनीतिक पार्टीहरूले संसदीय चुनावी कार्यदिशा अङ्गीकार गरेपछि भने राजनीतिक झगडाको चखिलो मसला कमजोर भएको छ । कम्युनिस्ट र गैरकम्युनिस्ट भनेर भिडाउने अवस्था छैन । अर्थात् सामान्य अन्तरद्वन्द्व भए पनि राजनीतिक-वैचारिक आधारले वारपारको लडाइँ लडाउने अवस्था छैन । यस्तो बेला द्वन्द्वका अरू विकल्प खोज्ने गरिन्छ । यही मेसोमा उनीहरूले अरू जातीय, धार्मिक तथा साम्प्रदायिक बाहना खोज्न थालेको अनुमान गर्न सकिन्छ ।

**दलीय आग्रह-पूर्वाग्रह**

यसरी समाज बहकिएका बेला दलगत आधारले पनि एउटा दलले पहल लिने र अर्को दललाई खुइल्याउने वा कमजोर पार्ने रणनीति संसदीय राजनीतिको जन्मजात विशेषता नै हो । संसदीय राजनीतिमा समग्र रणनीति नै चुनाव केन्द्रित हुन्छ । यसो भएपछि कसरी अर्को दललाई कमजोर बनाउन सकिन्छ र आफ्नो दलको विजय सुनिश्चित गर्न सकिन्छ भन्ने बाहेक अरू सवाल गौण हुन्छ । यसमा मुद्दाका आधारमा, सही र गलतको आधारमा, अग्रगामी र पश्चगामीको आधारमा अनि बहुसंख्या र अल्पसंख्याको हित र स्वार्थका आधारमा समर्थन र विरोधको राजनीतिक लक्ष्मणरेखा तय गरिएको हुँदैन ।

तब त्यहाँ सही र गलत राजनीतिक विचारबारे बहस छलफल हुँदैन । अर्को दललाई खुइल्याएर आफ्नो पकड बलियो बनाउने भन्ने मात्र हुन्छ । परिणामत: त्यहाँ राजनीतिक पद्धति र संस्कृति गौण हुन्छ । इमान जमान र नैतिकता हुँदैन । सिर्जनशील, रचनात्मक र सकरात्मक सहयोग, सुझाव र परामर्श हुँदैन । सकरात्मक दृष्टिकोण राख्ने संस्कृति नै नामेटको अवस्थामा पुग्छ । जुनसुकै अवस्थामा पनि निरपेक्ष नकरात्मकताले घर गरिरहेको हुन्छ । कतिसम्म भने आफ्नो स्वार्थ सिद्ध हुन्छ भने गलतलाई सही भन्ने, गलत कार्य गर्न उक्साउनेसम्मका निकृष्ट हर्कत सामान्य भइरहेको छ । यो दु:खद विडम्बनाको कुरा हो । त्यसैले पछिल्ला घटनालाई मलजल पुग्नुमा निकृष्ट दलीय स्वार्थ पनि जिम्मेवार रहेको छ । *(साभार: रातोपाटी)*

# इजरायलबाट यसरी फर्किए २५३ जना नेपाली



काठमाडौं/युद्धग्रस्त बनेको इजरायलबाट २५३ जना नेपाली नेपाल वायु सेवा निगमको नाइनएन-एएलजेड एअरबस ३३० विमानबाट स्वदेश फर्किएका छन् । उनीहरू राति साढे १ बजे त्रिभुवन विमानस्थलमा अवतरण गर्नेछन् ।

द्वन्द्वग्रस्त गाजासँग सीमाना जोडिएको इजरायलको दक्षिणी क्षेत्रमा शनिबार बिहानदेखि हमास समूहको आक्रमण सुरु भएपछि त्यहाँ रहेका नेपाली विद्यार्थीहरू अलपत्र परेका थिए । हमास समूहको आक्रमणमा परेर दश जना नेपाली विद्यार्थीको मृत्यु भएको थियो भने एक जना विद्यार्थी अझै सम्पर्कविहीन छन् ।

आक्रमण सुरु भएपछि उनीहरूलाई त्यहाँबाट सुरक्षित ठाउँमा स्थानान्तरण गर्नसमेत हम्मे परेको थियो । नेपाली विद्यार्थीले आफू असुरक्षित रहेको भन्दै सुर क्षित स्थानमा सार्न आग्रह गरेको करिब चार दिनपछि मात्रै उनीहरूलाई पूर्ण रूपमा उद्धार गरिएको थियो ।

इजरायल-गाजाको सीमावर्ती क्षेत्रका कृषि फर्ममा रहेका सबै ५५ जना नेपाली विद्यार्थीहरुलाई इजरायली सुरक्षा संयन्त्र समेतको सहयोगमा उद्दार गरी थप सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको थियो ।

यस्तै इजरायलको उत्तरी सिमाना आसपासमा उद्धारको पर्खाइमा रहेका ७२ जना नेपाली विद्यार्थीहरुलाई समेत सुरक्षित ठाउँमा सारिएको थियो ।

आक्रमणबाट घाइते भई उपचारको क्रममा रहेका ४ जनाको स्वास्थ्य अवस्थामा सुधार भइरहेको जानकारी परराष्ट्र मन्त्रालयले दिएको छ । हराइरहेका नेपाली विद्यार्थी विपिन जोशीको खोजी भइरहेको जनाएको छ । स्थानीय प्रहरी, अस्पताललगायत उपलब्ध सम्पूर्ण स्थानीय तथा कूटनीतिक संयन्त्रको सहयोगमा खोजीकार्य अझ तीब्र पारिएको नेपाली दूतावासले जनाएको छ ।

परराष्ट्र मन्त्रालयले इजरायलमा करिब ४ हजार ५०० नेपाली रहेको अनुमान गरेको छ ।

नेपालबाट सुदूरपश्चिम विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय र कृषि विश्वविद्यालयबाट इजरायलसँग सरकारले सम्झौता गरेको 'लर्न एण्ड अर्न' कार्यक्रममा सहभागी हुन त्यहाँ पुगेका कृषि विज्ञान अध्ययनरत २६५ जनाभन्दा बढी नेपाली विद्यार्थी सो क्षेत्रमा फसेका थिए ।

परराष्ट्रमन्त्री साउद नेतृत्वको संयन्त्र र मन्त्रालयको समन्वयमा इजरायली सुरक्षाकर्मीको सहयोग लिएर नेपाली विद्यार्थीलाई युद्धग्रस्त क्षेत्रबाट तेल अबिबलगायत सुरक्षित स्थानमा सारिएको थियो । सुरक्षित स्थानमा सारिए पनि युद्ध थप चर्किरहेका कारण उनीहरू स्वदेश फर्किन चाहेका थिए ।

सुरक्षित स्थानमा राखिए पनि नेपालीहरूले आफूमाथि खतरा रहेको भन्दै नेपाल फिर्ता ल्याउनका लागि दबाब सिर्जना गरेका थिए । त्यसपछि सरकारले त्यहाँ रहेका नेपाली नागरिकलाई स्वदेश फिर्ताका लागि अनलाइन फर्म खुला गरेर दर्ता प्रक्रिया सुरु गरेको थियो ।

बिहीबारसम्म करिब चार सयजना नेपालीले स्वदेश फिर्ताका लागि नाम दर्ता गराए पनि शुक्रबार बिहान इजरायल उडेको नेपाल वायुसेवा निगमको विमानमा २५३ जना मात्रै फर्किएका छन् ।

विमानको सीमित सिट क्षमताका कारण सबैलाई एकैपटक नेपाल ल्याउन नसकिएको परराष्ट्र मन्त्रालयले जनाएको छ । साथै, कतिपयले फर्किने विषयमा पुनर्विचार समेत गरेका कारण नाम दर्ता गराएका जति सबै फर्किने सम्भावना कम रहेको इजरायलको तेल अबिबमा रहेको नेपाली राजदूतावासले जनाएको छ ।

साथै, मृत्यु भएका १० जनाको शव ल्याउन भने समय लाग्ने देखिएको छ । इजरायलमा रहेको नेपाली राजदूतावासका अनुसार शवको पोस्टमार्टमलगायत कानुनी प्रक्रिया पूरा गर्न समय लाग्ने भएका कारण शव ल्याउन समय लाग्ने देखिएको हो ।

इजरायल सरकारले शव हस्तान्तरण नगरेसम्म ल्याउन नमिल्ने भएका कारण अझै समय लाग्ने परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले बिहीबार नियमित पत्रकार सम्मेलनमार्फत जानकारी दिइन् । नेपाल फर्किन चाहेका नागरिकलाई स्वदेश ल्याउनका लागि परराष्ट्रमन्त्री एनपी साउद आफैं बिहीबार बिहान नेपाल वायुसेवा निगमको विमानबाट इजरायल पुगेका थिए । उनलाई इजरायली विदेश मन्त्रालयका चिफ अफ प्रोटोकल र नेपाली राजदूत कान्ता रिजालले स्वागत गरेका थिए ।

इजरायलमा मन्त्री साउदले त्यहाँको विदेश मन्त्रालयका उच्च अधिकारीहरूसँग भेट गरेका थिए । परराष्ट्रमन्त्रीको सचिवालयका अनुसार इजरायली अधिकारीले नेपाली नागरिकको सुरक्षामा कुनै कमी हुन नदिने र स्वदेश फर्किन चाहनेहरूलाई पनि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

इजरायलको तेल अबिब विमानस्थलमा करिब दुई घण्टा समय बिताएको नेपाल वायु सेवा निगमको विमान २५३ जना नेपाली बोकेर राति साढे १ बजे त्रिभुवन विमानस्थलमा अवतरण गर्ने भएको छ ।

**समन्वय संयन्त्रमार्फत उद्धार, मृतकका परिवारलाई राहत घोषणा**

उता आक्रमण सुरु भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा नेपाल सरकार मन्त्रिपरिषदको आकस्मिक बैठक बसेर परराष्ट्रमन्त्रीको नेतृत्वमा समन्वय संयन्त्र गठन गरेको थियो ।

परराष्ट्रमन्त्री एनपी साउद नेतृत्वको उक्त संयन्त्रले इजरायलमा रहेका नेपालीहरूको उद्धार, मृतकको पहिचान र नेपाल फिर्तीलगायत विषयमा समन्वय गरेको थियो ।

परराष्ट्रमन्त्री साउदले यस विषयमा प्रतिनिधिसभा र संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिमा गएर समेत जानकारी दिएका थिए । यस्तै नेपालस्थित इजरायली राजदूतसँग पनि परराष्ट्र मन्त्रालयले यस विषयमा निरन्तर छलफल गरेको थियो ।

उनीहरूको उद्धारका लागि प्रधानमन्त्रीले मन्त्रिपरिषद्को विशेष बैठक राखेका थिए भने सर्वदलीय बैठक समेत बोलाएर यस विषयमा जानकारी गराएका थिए । अन्य राजनीतिक दलले समेत सरकारलाई नेपाली नागरिकको उद्धारमा ढिलाइ नगर्न सुझाव दिएका थिए ।

घटनाक्रमसँगै परराष्ट्रमन्त्री साउदले मंगलबार इजरायली समकक्षी एली कोहेनसँग टेलिफोन मार्फत कुराकानी गरेका थिए । आक्रमणमा परी नेपाली नागरिकको मृत्यु भएको र त्यहाँ रहेका थप नागरिकको सुरक्षाको बन्दोबस्त मिलाउने विषयमा उनीहरूबीच कुराकानी भएको थियो ।

परराष्ट्रमन्त्रीको सचिवालयका अनुसार इजरायली अधिकारीहरूले आफ्नो मुलुक संकटग्रस्त अवस्थामा रहेको भए पनि विदेशी मुलुकका हरेक नागरिकको सुरक्षामा कुनै कमी हुन नदिने बताएका छन् ।

साथै, मृत्यु भएका नेपाली नागरिकको शव प्रक्रिया पुऱ्याएर नेपाल पठाउने र अन्य नागरिकको सुरक्षा बन्दोबस्तमा समेत ध्यान दिइरहेको आश्वासन उनीहरूले दिएका छन् ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले मन्त्री साउदलाई चार्टर्ड उडानबाट इजारएल पठाएर उद्धार तथा कूटनीतिक समन्वय गर्न जिम्मेवारी दिएको थियो । सोही निर्णयानुसार मन्त्री साउद बिहीबार बिहानै विमानमार्फत इजरायल पुगेका थिए । मन्त्रिपरिषद्ले इजरायलबाट नेपाल फर्किन चाहने नेपालीहरूको खर्च सरकारले ब्यहोर्ने निर्णय गरेको थियो ।

उक्त बैठकअघि प्रधानमन्त्री प्रचण्डले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती र वायु सेवा निगमका प्रमुखलाई बोलाएर उद्धार उडानका लागि विमानलाई इजरायल पठाउने व्यवस्था गर्न निर्देशन दिएका थिए ।

परराष्ट्र मन्त्रालयले पहिलोपटक इजरायलमा रहेका विद्यार्थीहरूको मात्र उद्धार गरिने जनाएको छ । इजरायलमा मृत्यु भएका नेपालीका परिवारलाई नेपाल सरकार र विभिन्न प्रदेश सरकारहरूले छुट्टाछुट्टै राहतको घोषणा गरेका छन् ।

नेपाल सरकारले गत सोमवार बसेको मन्त्रिपरिषद् बैठकले मृतकका परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको थियो ।

मधेश प्रदेशले धनुषाका मृतकको परिवारलाई पाँच लाख रुपैयाँ, त्यस्तै कर्णाली प्रदेशले उक्त प्रदेशका एक मृतकको परिवारलाई तीन लाख रुपैयाँ, सुदूरपश्चिम सरकारले उक्त प्रदेशका सात मृतकका परिवारलाई प्रतिपरिवार दुई लाख रुपैयाँका दरले राहत उपलब्ध गराउने निर्णय गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'सिनेमाघर एप'मा सुपरहिट फिल्मको लर्को, दशैंमा 'जारी'



काठमाडौं/कोरोना महामारीभन्दा अघि नेपाली निर्मातालाई आम्दानीका लागि हल, युट्युब र विदेश प्रदर्शनको मात्र भर थियो । सीमित मात्रामा ओटीटी प्लेटफर्म भए पनि यसतर्फ दर्शकको उत्तिधेरै आकर्षण थिएन । मेकरहरुले पनि यसलाई गम्भीर रुपमा लिएका थिएनन् । तर, कोभिडमा ओटीटीप्रति विश्वमै क्रेज बढ्यो । र, 'आइसियू'मा रहेको नेपालको ओटीटी प्लेटफर्म 'सिनेमाघर एप' पनि चम्कियो ।

यतिबेला नेपालको 'नम्बर वान' ओटीटीको रुपमा स्थापित यो एपमा सुपरहिट फिल्मको लर्को लाग्न थालेको छ । 'जय भोले', 'कबड्डी ४', 'महापुरुष'पछि अब एपमा यो वर्षको ब्लकबस्टर फिल्म 'जारी' पनि रिलिज हुने भएको छ । दशैंको अवसर पारेर घटस्थापनाको दिन अर्थात् असोज २८ गते 'सिनेमाघर एप'मा फिल्म रिलिज हुन लागेको हो । हलमा हेर्न छुटेका दर्शकलाई यो राम्रो मौका हुनेछ ।

एपका सीइओ सागर खरेलले दर्शकलाई दशैंको उपहार स्वरुप फिल्म रिलिज गर्न लागेको जानकारी दिए । यो फिल्मले हलमा जस्तै एपमा पनि उल्लेख्य दर्शक पाउनेमा उनी विश्वस्त छन् । गत भदौमा रिलिज भएको 'महापुरुष'ले राम्रो दर्शक पाइरहेको अवस्थामा एपले 'जारी' रिलिज गर्न लागेको हो । सीइओ खरेलले सिनेमाघर एपमा दर्शकहरुले यो फिल्मको सर्वाधिक डिमाण्ड गरेको बताए ।

हलमा १७ करोडमाथिको कलेक्सन गरेको फिल्मलाई उपेन्द्र सुब्बाले निर्देशन गरेका हुन् । लिम्बु समुदायमा प्रचलित जारी प्रथालाई मियो बनाएर प्रेमकथा वाचन गरिएको यो फिल्ममा दयाहाङ राई, मिरुना मगर, रोयदीप श्रेष्ठ, रेखा लिम्बु, प्रेम सुब्बा, विजय बराल, अनिल सुब्बा, पुस्कर गुरुङ, कमलमणि नेपाल, उपसंग्बा नेम्बाङ लगायतको अभिनय छ । फिल्मका निर्माता रामबाबु गुरुङ हुन् ।

# के सौगातलाई लिएर 'पशुपति प्रसाद ३' बन्छ ?



काठमाडौं/२०७२ सालमा प्रदर्शनमा आएको 'पशुपति प्रसाद' नेपाली फिल्मकै लागि एउटा 'माइलस्टोन' मानिन्छ । दृश्यभाषादेखि कलाकारको अभिनयसम्म, हरेक हिसाबमा फिल्म उत्कृष्ट ठहरिएको थियो । यो फिल्मले एउटा 'आइकनिक' क्यारेक्टर समेत जन्मायो, 'भष्मे डन' । जबकि, फिल्ममा यो पात्र सहायक मात्र थियो । र, चरित्रको हिसाबले नकारात्मक । तर, दर्शकलाई यही पात्र 'प्रिय' बन्यो ।

सात वर्षपछि त्यही भष्मे डन पात्रमा केन्द्रित भएर सिक्वेल बनेको छ, 'पशुपति प्रसाद २ : भष्मे डन' । कात्तिक ४ गते फूलपातीबाट प्रदर्शन हुन लागेको फिल्ममा अभिनेता विपिन कार्की नै भष्मेको भूमिकामा छन् । अघिल्लो श्रृंखलामा उसलाई चुनौती दिने पात्रको रुपमा पशुपति प्रसाद (खगेन्द्र लामिछाने) थियो । सिक्वेलमा भने अभिनेता सौगात मल्ललाई भित्राइएको छ, जुन मधेशी चरित्र हो ।

फिल्मको ट्रेलरमा सौगातलाई दिइएको महत्व हेर्दा भष्मे डनजस्तै यसपटक सौगातको चरित्रलाई स्थापित गर्न खोजिएको देखिन्छ । कतै यो 'पशुपति प्रसाद'को तेस्रो सिक्वेल बनाउने संकेत त होइन ? सोमबार ट्रेलर सार्वजनिक कार्यक्रममा पत्रकारले सोधेको प्रश्नमा निर्देशक दीपेन्द्र के. खनालले यो फिल्म सफल भएर दर्शकहरुले माग गरेको अवस्थामा तेस्रो सिक्वेल पनि निर्माण हुनसक्ने बताए ।

उनले भने, 'हामीलाई 'पार्ट टू' बनाउन त ७ वर्ष लाग्यो । तेस्रो सिक्वेलको बारेमा त के भन्न सकिन्छ र ? तर, के हो भने भष्मे डनको एरियामा निहुँ खोज्ने कोही त आउनुपर्ला नि । नत्र फुटबल खेलमा दुईटा टिम पनि नभए कसरी खेल्ने ? त्यही भएर सौगात मल्लको क्यारेक्टर आएको हो । दोस्रो श्रृंखलालाई दर्शकले अत्याधिक माया गरेर तेस्रो सिक्वेलको माग गर्नुभयो भने त्यो पनि आउनसक्छ ।'

# ओलीसँग मिलेर शेखरले कोशीमा गरेको 'विद्रोह'

विराटनगर/नेकपा एमालेका ३९ प्रदेशसभा सदस्यको समेत समर्थनमा नेपाली कांग्रेसका प्रदेशसभा सदस्य केदार कार्कीले कोशी प्रदेशको मुख्यमन्त्रीमा दाबी गरेका छन् ।

सत्ता गठबन्धनको तर्फबाट माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्र आङ्बोले पनि मुख्यमन्त्रीमा दाबी पेश गरेका छन् ।

बिहीबार अपराह्न माओवादी दल नेता आङ्बोले सत्ता गठबन्धनमा रहेका चार दलका संसदीय दलका नेताको समर्थन लिएर प्रदेश प्रमुख कार्यालय पुगेका थिए ।

आङ्बो त्यहाँबाट ननिस्किँदै कांग्रेस प्रदेशसभा सदस्य कार्की कांग्रेसका ८ र एमालेका ३९ सहित ४७ सांसदको हस्ताक्षरसहित पुगे । प्रदेश प्रमुखसमक्ष दाबी पेश गरेपछि प्रदेश सांसद कार्कीले भने, 'संविधानको धारा १६८(५) र सर्वोच्चको संवैधानिक इजलासको नजीरलाई सदुपयोग गरेको हुँ ।'

यो विद्रोह हो भन्ने प्रश्नमा उनले सरकार गठनबारे कांग्रेसको कोशी प्रदेश संसदीय दलले कुनै निर्णय नगरेर सदस्यहरुलाई व्यक्तिगत निर्णय लिन छाडेकाले 'कांग्रेसभित्र वा अर्को (सत्ता गठबन्धन) भित्रको विद्रोह होइन', भनेका छन् ।

कांग्रेसकै नेताहरुले भने यसलाई डा. शेखर कोइरालाले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग मिलेर पार्टी नेतृत्वविरुद्ध गरेको 'विद्रोह' मानेका छन् । यसले कांग्रेसको आन्तरिक जीवनमा पार्ने प्रभाव भने आगामी घटनाक्रमहरुमा भर पर्छ ।

**ओली र शेखरको समझदारी**

सर्वोच्चको आदेशसँगै अल्पमतको सरकार बनाएका एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले २० असोजमा मुख्यमन्त्रीबाट राजीनामा दिएसँगै कांग्रेसमा संसदीय दलका नेता उद्धव थापाको विकल्प खोज्नुपर्ने मत चर्कोसँग उठेको थियो । डा. शेखर कोइराला निकट केदार कार्की, संस्थापन पक्षकै अमृत अर्याल, कृष्ण सिटौला निकट भीम पराजुली लगायतका नेता सत्ता गठबन्धनबाट मुख्यमन्त्रीको आकांक्षी थिए ।

महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्मा लगायतले संस्थागत रुपमै एमालेसहितको सरकार बनाउनुपर्ने मत राखे । सभापति देउवा त्यसमा तयार भएनन्, बरु राप्रपाको समर्थन जुटाएर गठबन्धनकै सरकार बनाउने नीति लिए ।

राप्रपाले संसदीय दलका नेता थापालाई समर्थन नगर्ने प्रष्ट संकेत गरेपछि डा. शेखरले केदार कार्कीलाई मुख्यमन्त्रीमा अघि सार्ने प्रस्ताव गरे । देउवाले प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डतिर देखाए, प्रचण्डले यो पटक कोशीको मुख्यमन्त्री आफ्नो दलले पाउनुपर्ने मत राखे ।

अनि देउवाले भनिदिए, 'दलको नेता फेर्नेतिर नलागौं, गठबन्धन तोड्नेतिर पनि नलागौं ।'

यसबाट शेखर निकै हतास भए । किनकी १४औं महाधिवेशनमा बनाएको आफ्नो समूहमा पछिल्लो समय देउवासँग मिल्यो भन्ने आरोप खेप्दै आएका थिए । एकातिर महामन्त्री गगनकुमार थापा लगायतका नेताहरुको विश्वास जितेर नेता बनिरहन हम्मे परेको थियो । अर्कातिर देउवाको व्यवहार यस्तो थियो । त्यसैले उनले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग मिलेर नेतृत्वविरुद्ध विद्रोह गर्ने बाटो उत्तिकै छ ।

*(स्रोत: अनलाइनखबर)*

# बेलायत जान चाहेका नर्सलाई भाषाको मापदण्डले सकस

काठमाडौं/रोजगारीका लागि बेलायत (यूके) जान नेपाली नर्सहरूलाई कागजात पुऱ्याउनै सकस परेको देखिएको छ । वैदेशिक रोजगार विभागले आवश्यक कागजात पछि लिने गरी आवेदन माग गर्दा ६६८ जनाले नाम दर्ता गराए पनि न्यून संख्याका नर्सले मात्रै माग अनुरुपको कागजात पूरा गर्न सकेका छन् ।

बाँकी अवधिमा आवश्यक कागजात पूरा गर्ने संख्या भने न्यून हुने देखिएको अधिकारीहरू बताउँछन् । वैदेशिक रोजगार विभागका निर्देशक गोपालराज तिमल्सिनाका अनुसार बिहीबार दिउँसोसम्म ४२ जनाले मात्रै कागजात पेश गरेका छन् ।

२ कात्तिकसम्मको समय तोकिएकाले सबै कागजात सहित अन्तिम आवेदन पेश गर्न केही दिन भने बाँकी छ । 'आवश्यक कागजात नपुगेसम्म आवेदन सबमिट हुँदैन', तिमल्सिनाले भने ।

अधिकांश नर्सलाई भाषाको मापदण्ड पूरा गर्न समस्या देखिएकाले कमैले मात्रै कागजात पेश गर्न सकेको विभागको अनुमान छ । नेपाल र यूकेबीच भएको समझदारी अनुसार आवेदन दिन कम्तीमा ३ वर्षको नर्सिङ कोर्स पीसीएल नर्सिङ वा बीएन सरहको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्छ । दुई वर्षको कार्य अनुभव (वर्किङ एक्सपिरियन्स) पनि अनिवार्य रूपमा पेश गर्नुपर्छ ।

नर्सहरूले इन्टरन्याशनल इङ्लिश ल्याङ्वेज टेस्टिङ सिस्टम (आईईएलटीएस) मा कम्तीमा ७ अंक ल्याउनुपर्ने हुन्छ । राइटिङ, स्पिकिङ, लिसनिङ र रिडिङ गरी चारखाले मापदण्डमा अंक दिइने आईईएलटीएसमा राइटिङ बाहेक सबैमा ७ अंक आउनुपर्ने हुन्छ । मापदण्ड अनुसार राइटिङमा भने ६.५ मात्र ल्याए पनि नेपाली नर्स यूके जानका लागि भाषामा योग्य मानिन्छन् ।

'उहाँहरूमा अंग्रेजी भाषाको समस्या खट्किएको देखिन्छ । धेरैले ईआईईएलटीएसमा ७ अंक नल्याएको कारण आवश्यक कागजात पेश गर्न सकेका छैनन्' तिमल्सिना भन्छन्, 'यस्तै सम्झौताले सन् २०१९ बाट लगातार दुई वर्षको कार्य अनुभवको माग गर्दछ । कार्यअनुभव नभएको कारण कागजात पेश गर्न नसकिएको केहीको गुनासो छ ।'

तर कतिपयको कार्यअनुभव पुग्न केही समय मात्रै बाँकी रहेको र भाषा परीक्षा दिन बाँकी रहेकाले पनि फर्म नबुझाएको हुनसक्ने तिमल्सिनाको भनाइ छ ।

हाललाई 'पाइलटिङ' का रूपमा नेपालबाट १०० जना नर्सहरूलाई पठाउने गरी नेपाल र यूकेबीच सम्झौता भएसँगै गत जुलाई २० मा आवेदन माग गरिएको थियो । आवेदन भर्नका लागि ९० दिनको समय दिइएको थियो ।

तिमल्सिनाका अनुसार अन्तिम म्याद २ कात्तिकसम्म पेश भएका आवेदनमा केही कागजात पूरा नभए थप तीन दिनको समय दिइनेछ । त्यसपछि उक्त आवेदनको सूचीको विवरण नेपालले ब्रिटेनको डिपार्टमेन्ट अफ हेल्थ एन्ड सोसिअल केअर (डीएचएससी) मा पठाइने छ । उनीहरूले नर्सको योग्यता, क्षमता र अनुभवको मूल्यांकन गरेर सूची नेपालमा पठाउने तालिका छ ।

उक्त सूचीमा परेका नर्सको मात्रै अन्तर्वार्ता हुने र छनोटमा भएका नर्स मात्रै यूके जान पाउने निर्देशक तिमल्सिना बताउँछन् । 'डीएचएससीले पठाएको सूचीमा परेको नर्स मात्रै अन्तर्वार्तामा समावेश हुन पाउनेछन्' उनले भने, 'अन्तर्वार्ताका लागि नेपाल र डीएचएससी प्रतिनिधि पनि रहनुहुनेछ ।'

छनोट भएर गएका नेपाली नर्सले तीन महिनाको एउटा तालिम लिनुपर्नेछ । उक्त तालिमबाट योग्य बनेपछि मात्र नेपाली नर्सहरूले त्यहाँका स्वास्थ्य संस्थामा काम गर्न पाउने नियम छ । त्यस अवधिमा पनि उनीहरूले पारिश्रमिक भने पाउनेछन् ।

नेपाली नर्सहरूले पनि ब्रिटेनमा दर्ता भएपछि त्यहाँका 'रजिस्टर्ड नर्स' बराबरको तलब पाउनेछन् । सम्झौता अनुसार उनीको तलब वार्षिक २७ हजार पाउन्ड (करिब साढे ४३ लाख रुपैयाँ) देखि ३२ हजार पाउन्ड (करिब साढे ५१ लाख रुपैयाँ) सम्म पाउन सक्छन् । त्यसबाहेक उनीहरूले २७ दिनको वार्षिक र सार्वजनिक बिदाहरू पाउनेछन् ।

**नर्स पलायनले नेपालमा चिन्ता**

भविष्यको सुनिश्चितता, पेशाको सम्मान र व्यक्तिको आत्मसम्मान हुने ठाउँ खोज्नु अहिले नेपाली नर्सको बाध्यता बन्न थालेको छ । ठूलो मात्रामा नेपाली नर्सहरूलाई विदेश पठाउँदा नेपालमै नर्सको अभाव हुनसक्ने सरोकारवालाको चिन्ता छ । नेपालबाट यूकेमा नर्सहरू पठाउने कुरामा सरकारी निकायले गर्ने आन्तरिक छलफलहरूमा नेपाल नर्सिङ काउन्सिल नेपाल नर्सिङ संघ, स्वास्थ्य मन्त्रालयले असहमति राख्दै आएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# रेखाको दाबी- 'मैले बनाएका फिल्ममध्ये 'उपहार' सबैभन्दा राम्रो'




काठमाडौं/एक समय नेपाली फिल्ममा बलशाली उपस्थिति जनाएकी रेखा थापा २०७५ सालमा आएको फिल्म 'मालिका'पछि राजनीतिमा बढी सक्रिय भइन् । राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशनमा महामन्त्री पदमा उठिन् । यसपछि उनले सोही पार्टीबाट संघीय निर्वाचनमा मोरङ क्षेत्र नं. ३ बाट सांसद् पदमा उम्मेदवारी दिएकी थिइन् । अब उनी ५ वर्षपछि फिल्म निर्माण र अभिनयमा फर्किएकी छन् ।

उनको निर्माणसँगै मुख्य भूमिका रहेको फिल्म 'उपहार'को यतिखेर अन्तिम चरणमा छायांकन भैरहेको छ । र, यसै वर्ष रेखा आमा बन्ने तयारीमा समेत छिन् । गर्भमा बच्चा हुर्किँरहँदा पनि उनले रातदिन नभनि फिल्मको छायांकन गरिरहेकी छन् । यो फिल्मलाई लिएर उनी आत्मविश्वासी र उत्साहित देखिन्छिन् । आफूले पहिला बनाएका फिल्मभन्दा यो सबैभन्दा राम्रो रहेको उनको दाबी छ ।

अभिनेत्री थापाले फिल्मीखबरसँग भनेकी छन्, 'फिल्म एकदमै राम्रो बनेको छ । मैले बनाएकामध्ये सबैभन्दा राम्रो फिल्म नै यही हो । फिल्मले उठाएको विषयवस्तु पनि राम्रो छ । हामीले सानोमा हेर्ने नेपाली फिल्ममा समाजको कथा हुने गर्थ्यो । प्रेम, द्वन्द्व, हाँसो, रोदन सबै हुन्थ्यो । 'उपहार' हेर्दा त्यो महसुस हुनेछ ।' फिल्ममा आफूले निभाएको भूमिका पनि पृथक रहेको उनले बताएकी छन् ।

'उपहार'लाई आगामी माघ २६ गते प्रदर्शन गर्ने तयारी भैरहेको छ । दशैंको पूर्णिमामा एउटा गीत रिलिज गरेर प्रदर्शन मिति घोषणा गर्ने योजनामा निर्माण टिम छ । 'झिँगेदाउ'का निर्देशक ज्ञानेन्द्र देउजाको निर्देशन रहेको फिल्ममा बेनिशा हमाल, पूजा शर्मा, मुकुन भुषालको पनि अभिनय छ । ज्ञानेन्द्र र रेखाबीच यसअघि 'हिफाजत', 'देवर बाब' जस्ता सुपरहिट फिल्ममा सहकार्य भैसकेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चित्लाङ स्वास्थ्यचौकीको भवन बनाउन जुटे विदेशीदाता

साझाकुरा संवाददाता



हेटौंडा, २५ असोज/ मकवानपुरको थाहा नगरपालिका र च्वाइस नेपालको संयुक्त लगानीमा निर्माण हुँदै गरेको चित्लाङ स्वास्थ्यचौकी भवनको निर्माण कार्यमा विदेशीदाता श्रमदानमा जुटेका छन् ।

करिव चार महिना अगाडि शिलान्यास गरिएको १४ कोठे स्वास्थ्यचौकी भवनको निर्माणकार्य अनुगमन सहितको श्रमदान गर्नका लागि डोटरा हिलिङ हेन्ड फाउन्डेसन अन्तरगत चिन र अमेरिकाका ५४ जना दाताहरु बुधबार स्वास्थ्यचौकी भवन निर्माणस्थल चित्लाङ आईपुगेको र उनीहरु पनि श्रमदानमा जुटेको च्वाइस नेपालका प्रतिनिधि प्रताप घिमिरेले बताए ।

दाताहरुलाई थाहा नगर पालिका-९ का अध्यक्ष राजकुमार बलामी, स्वास्थ्यचौकी निर्माण समितिका अध्यक्ष राजिव नापित र स्थानीयले स्वागत गरेका थिए । दाताहरुको बसाई तीन दिनको हुने र तीनदिनमा स्वास्थ्यचौकी भवन निर्माणको अनुगमनका साथै निर्माणकार्यमा श्रमदान गर्ने, स्थानीय किशोरी लक्षित कार्यक्रम गर्ने, चित्लाङमा रहेका ५ वटा विद्यालयमा अध्ययन गर्ने २० जना विद्यार्थीलाई छात्रबृति प्रदान गर्ने कार्यक्रम रहेको च्वाइस नेपालका घिमिरेले बताए ।

दुई करोड ९ हजार ४७० रुपैयाँ लागतमा निर्माण हुने चित्लाङ स्वास्थ्यचौकी भवनको लागि च्वाइस नेपालले एककरोड ५० लाख लगानी गरेको घिमिरेले बताए । उनले निर्धारित समयमै निर्माणकार्य सम्पन्न गर्ने समेत बताए । हाल स्वास्थ्यचौकी भवनको निर्माणकार्य करिव ५५ प्रतिशत सम्पन्न भएको छ । तीन बर्षमा सम्पन्न गर्नेगरी निर्माण थालनी गरेको स्वास्थ्यचौकी भवनको लागि थाहा नगरपालिकाले ५९ लाख ४७० रुपैयाँ लगानी गर्नेछ ।

पहिलो बर्षमा स्वास्थ्यचौकी भवन निर्माण गरिने, दोश्रो बर्ष स्वास्थ्य संस्थालाई आधुनिक उपकरण सहित प्रबिधिमैत्री बनाइने र तेस्रो बर्ष कर्मचारी र स्वास्थ्यकमीको क्षमता विकास गरी दक्ष बनाउन बिभिन्न तालिम कार्यक्रम संचालन गरिने च्वाईस नेपालका कार्यकारी निर्देशक प्रतीक शर्माले बताए ।

# सामाजिक विकृति र अपराध नियन्त्रणसम्बन्धी अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर ५ र ६ लाई लक्षित गरी लागुपदार्थ र मादक पदार्थको प्रयोग, आत्महत्या, साइबर अपराध, सामाजिक विकृति विसंगतिको विषयमा बिहीवार अन्तरक्रिया गरिएको छ ।

कार्यक्रमका संयोजक लिलाराज बञ्जाराको सभाध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष दोर्जे लामास्याङ्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा मकवानपुरका प्रहरी उपरीक्षक सीताराम रिजाल, वडा नम्बर ५ का अध्यक्ष दिपेश दाहाल, वडा नम्बर ६ का अध्यक्ष कृष्णप्रसाद बजगाईको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रहरी उपरीक्षक रिजालले लागूपदार्थ र मादकपदार्थको प्रयोग, आत्महत्या, साइबर अपराध, सामाजिक विकृति विसंगतिको विषयमा कानुनी विषयलाई समेट्दै आफ्ना भनाई राखेका थिए ।

कार्यक्रमलाई गाउँपालिकाका न्यायिक समितिका अधिवक्ता रामशरण लामिछानेले सामाजिक अपराध र विकृतिका विषयमा हुनसक्ने सजाय र त्यस्ता कार्य गर्न नहुने खालका नियमहरु प्रस्तुत गरेका थिए ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष स्याङ्तानले चाडपर्व लक्षित गरी यो कार्यक्रम गरिएको प्रति धन्यवाद दिँदै लागुपदार्थ र मादकपदार्थको प्रयोग गर्नेलाई र विक्री वितरण गर्नेलाई समेत कानुनी दायरामा ल्याइने बताए । उनले साइवर अपराध, सामाजिक विकृति विसंगति हाम्रो समाजमा बढिरहेकाले यसलाई नियन्त्रण गर्न टोल विकास अन्तर गत पालिकाले कामहरु गरिने बताए ।

# नारायणी सहकारीको ऋण लगानी साढे २३ करोड बढी

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ नारायणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड हेटौंडाको कूल ऋण लगानी २३ करोड ५९ लाख ७३ हजार रुपैयाँ पुगेको छ ।

२०५३ सालमा स्थापित सहकारीको कूल बचत २३ करोड ४४ लाख ४६ हजार तथा जगेडा कोष दुई करोड १८ लाख ७८ हजार रुपैयाँ रहेको छ । भवन, जग्गासहित सहकारीको कूल सम्पती ३६ करोड ६० लाख ३१ हजार तथा अन्य कोष ६३ लाख ९१ हजार रुपैयाँ पुगेको छ । साथै, एक हजार एक सय ३३ महिलासहित दुई हजार दुई सय ५९ जना शेयर सदस्य रहेको सहकारीको ६ करोड १८ लाख ८६ हजार शेयर पुँजी रहेको छ ।

२७ औं बार्षिक साधारणसभाको तयारीमा रहेको सहकारी उत्कृष्ट सहकारीसँगै विभिन्न पुरस्कारबाट पुरस्कृत भईसकेको छ । राष्ट्रिय सहकारी बैंकले नेपालभरीको बचत तथा ऋण कारोबार बाहेकको कारोबार गर्ने उत्कृष्ट सहकारी बर्ष २०७४ बाट पुरस्कृत गरिसकेको अध्यक्ष जंगबहादुर गुरुङले बताए । असल बचतकर्ता, असल ऋणी, जेष्ठ नागरिक, एकल महिला, जेष्ठ शेयर सदस्य, कर्मचारी लगायत विभिन्न विधागत पुरस्कार भने सहकारीले बार्षिकोत्सवमा गर्ने उनको भनाई छ ।

डिभिजन सहकारी कार्यालय हेटौंडाबाट उत्कृष्ट सहकारी पुरस्कार २०७२, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघबाट उत्कृष्ट सहकारी पुरस्कार २०७३ बाट सम्मानित भईसकेको सहकारी शिवम् सिमेन्टबाट २०७१ देखि विभिन्न अवार्डबाट पुरस्कृत भईरहेको छ ।

वित्तीयसेवा (बचत तथा ऋण)सँगै सहकारीले व्यवसायिक सेवाअन्तर्गत निर्माण सामग्रीहरु सिमेन्ट, रड, इट्टा, ढलान केमिकल, खाना पकाउने ग्याँस बिक्री गर्दै आएको छ । मुख्य कार्यालय हेटौंडा-९ तथा हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिका कार्यक्षेत्र रहेको सहकारीको सेवाकेन्द्र हेटौंडा-४ पारिजातपथ र हेटौंडा-८ कमानेमा रहेको छ ।

# संस्कृति र सभ्यताले अन्तर्राष्ट्रिय क्षेत्रमा मान बढ्छ: प्रदेशप्रमुख शर्मा

हेटौंडा, २५ असोज/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले हाम्रो संस्कृति र सभ्यताले अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो मान बढ्ने बताएका छन् ।

जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा विजयदशमी तथा दीपावलीको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उनले हामी नेपालीका विभिन्नखाले चाडपर्व हुनु आफ्नै खालका मौलिकता रहेको बताए । उनले यी मौलिकता, विशेषता अन्तर्राष्ट्रिय क्षेत्रमा जतिखेर प्रस्तुत हुन्छन् हाम्रो धार्मिक सहिष्णुता, जातीय सहिष्णुता, विविधता, संस्कृति, सांस्कृतिक विविधतालाई देखेर विदेशीले हाम्रो प्रशंसा गर्ने गरेको सुनाए । 'हामीले हाम्रो संस्कृति, परम्परा, हाम्रा चाडपर्वलाई जोगाएर बचाएर तडकभडकभन्दा बाहिर निस्केर संस्कारलाई मात्रै ग्रहण गर्न सकेको खण्डमा भावी पुस्तामा हाम्रो संस्कृति र सभ्यता अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो मान बढ्नेछ भन्ने विश्वास लिएको छु ।', प्रमुख शर्माले भने ।

उनले तीज दसैं, तिहार, छठ, इद, ल्होसारलगायतका विभिन्न जातीय पहिचानका पर्व यसरी नै खुसीका साथ मनाउँदै आएका र मनाउनु पनि पर्ने बताए । आगामी दिनमा पनि हाम्रो संस्कृति धरोहरको झण्डालाई उँचो राख्नका लागि आग्रह गर्दै प्रमुख शर्माले यसले हामीलाई भावनात्मक रुपमा एकसूत्रमा बाँधेर नयाँ नेपालको निर्माण गर्ने सवालमा पक्कै पनि योगदान पुग्ने बताए । जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभाका सदस्य, प्रमुख जिल्ला अधिकारी, मकवानपुरका राजनीति दलका प्रमुख, विभिन्न संघसंस्थाका प्रमुख, सुरक्षा निकायका प्रमुखको उपस्थिति थियो ।

# चिकित्सक कुटपिट प्रकरण: समातिएको २४ घण्टा नबित्दै स्याङ्तान छुटे

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ हेटौंडा उपमहानगरपालिका-१ स्थित सन्चो हस्पिटलमा कार्यरत दुईजना चिकित्सकमाथि २७ भदौमा भएको कुटपिट घटनाको आरोपित ७ जना धरौटीमा छुटेका छन् ।

जिल्ला अदालत मकवानपुरले यसअघि पक्राउ परेका ६ जना र बुधवार पक्राउ परेका १ जना गरी ७ जनालाई जरिवाना तिराएर धरौटीमा छोडेको छ । चिकित्सकमाथि कुटपिट गरेको आभियोगमा बुधवार पक्राउ परेका हेटौंडा-१२ का ३६ वर्षीय सुवास स्याङ्तान बिहीवार धरौटीमा रिहा भए । हेटौंडा-१० बसपार्कबाट बुधवार समातिएका उनी २४ घण्टा नबित्दै धरौटीमा रिहा भएका हुन् ।

स्याङ्तान २ लाख रुपैयाँ धरौटीमा रिहा भएको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । घटनामा पक्राउ परेका रमा प्रधानलाई २ लाख ५० हजार रुपैयाँ तथा रमिला प्रधान, रोहन प्रधान, अनुप प्रधान, जीवन लामा तथा सुनिल पाख्रीनलाई जनही २-२ लाख रुपैयाँ धरौटीमा रिहा गरिएको थियो ।

जिल्ला न्यायाधीश राजेन्द्र अधिकारीको इजलाशले आरोपितलाई बुधवार धरौटीमा रिहा गर्न आदेश दिएको हो ।

घटनामा संलग्न १३ जनाविरुद्ध उजुरी परेको थियो । अझै ६ जना फरार रहेको र उनीहरुको खोजीकार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । डेंगू संक्रमणको कारण २ महिनाअघि मृत्यु भएका हेटौंडा-१२ का ४१ वर्षीय राजेश प्रधानको उपचारमा लापरबाही भएको भन्दै उनका आफन्तसहितको केही युवासमूहले गत भदौ २७ गते हेटौंडा-१ स्थित सन्चो अस्पताल परिसरभित्रै प्रवेश गरेर डाक्टर विकास थापा र प्रशान्त विडारीमाथि कुटपिट गरेका थिए ।

# कमजोरी सुधार्दै अगाडि बढ्नुपर्नेमा डीनाको जोड

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ नेपाली कांग्रेस केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डीना)ले पार्टीभित्र देखिएका विगतका कमिकमजोरीलाई सुधार गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिएकी छन् ।

उनले जिल्लाको पूर्वी क्षेत्रस्थित नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्र नम्बर १, प्रदेशसभा (क)को आयोजनामा बिहीबार बागमती गाउँपालिका, फापरवारीमा भएको शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै पार्टीभित्र एकअर्कामा आरोप प्रत्यारोप नगरी पार्टी सुदृढिकरण गर्दै लैजानुपर्ने बताएकी हुन् । विगतका कमिकमजोरी सुधारेर अगाडि बढ्नुपर्नेमा जोड दिँदै नेतृ डीनाले अब सबै एकढिक्का भएर पार्टी निर्माणमा लाग्नुपर्ने बताइन् ।

नेपाली कांग्रेस मकवानपुर प्रतिनिधिसभा क्षेत्र १ को प्रदेशसभा (क)का सभापति सुशान्तकुमार श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा जिल्ला सभापति बुद्ध लामा, कांग्रेस नेताहरु आनन्दराम पराजुली, यतीराज सापकोटा, दामोदर खनाल, इन्दिरा न्यौपाने, निलम देवकोटा, धर्मराज लामिछाने, बागमती गाउँपालिका सचिव शंकर कुमार पराजुलीलगायतको सहभागिता रहेको थियो ।

# नवनियुक्त जनस्वास्थ्यकमीलाई स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ नेपाल जनस्वास्वास्थ्य संघ बागमती प्रदेश समितिले नवनियुक्त जनस्वास्थ्यकर्मीलाई स्वागत गरेको छ । बागमती प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गत नवनियुक्त जनस्वास्थ्य अधिकृतहरुका साथै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नियुक्त भएका जनस्वास्थ्यविज्ञहरुलाई एक कार्यक्रमबीच स्वागत गरिएको हो ।

नवनियुक्त जनस्वास्थ्य अधिकृत तथा उपप्राध्यापक/ सहप्राध्यापकहरुलाई बधाई तथा शुभकामना दिँदै सफल कार्यकालको कामना गरिएको थियो । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्काको प्रमुख आतिथ्यता एवं जनस्वास्थ्य संघ बागमती प्रदेश समितिका अध्यक्ष प्राध्यापक डाक्टर किशोर अधिकारीको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा स्वास्थ्य निर्देशनालय बागमती प्रदेश निर्देशक महेश्वर श्रेष्ठ, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान डिन प्राध्यापक डा. दुर्गा खड्का, जनस्वास्थ्य संघ केन्द्रीय समिति अध्यक्ष बसन्त अधिकारी, स्वास्थ्य मन्त्रालय बागमती प्रदेश योजना अनुगमन तथा जनस्वास्थ्य महाशाखा प्रमुख दीपकप्रसाद तिवारी, स्वास्थ्य मन्त्रालय बागमती प्रदेश अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा प्रमुख डा. खगेश्वर गेलाललगायतको आतिथ्यता रहेको थियो ।

जनस्वास्थ्य प्रशासक कृष्णबहादुर मिजारले स्वागत गरेको कार्यक्रम जनस्वास्थ्य संघ बागमती प्रदेश समितिका सचिव रुद्र शर्माले सञ्चालन गरेका थिए । कार्यक्रममा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय, नवनियुक्त जनस्वास्थ्यकर्मीलगायत जनस्वास्थ्य संघ बागमती प्रदेश समितिका पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो ।

# मकवानपुर क्याम्पसले जित्यो फुटसल उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ हेटौंडा सिटी कलेजको आयोजनामा भएको अन्तर क्याम्पस फुटसल प्रतियोगिताको उपाधि मकवानपुर बहुमुखी क्याम्पसले जितेको छ ।

बिहीबार भएको फाइनल खेलमा हेटौंडा स्कूल अफ म्यानेजमेन्टलाई २-१ गोल अन्तरले पराजित गर्दै मकवानपुर बहुमुखी क्याम्पसले उपाधि हात पारेको हो । सेमिफाइनल खेलमा भुटनदेवी माविलाई ८-० को गोल अन्तरले पराजित गर्दै मकवानपुर बहुमुखी क्याम्पस फाइनल प्रवेश गरेको थियो । हेटौंडा स्कूल अफ म्यानेजमेन्टले भानु माविलाई ट्राइबेकरमा ५-४ को गोल अन्तरले पराजित गर्दै म्यानेजमेन्ट फाइनल प्रवेश गरेको थियो ।

प्रतियोगितामा विजेता र उपविजेता टिमले क्रमश: नगद २० हजार रुपैयाँ र १० हजार रुपैयाँ प्राप्त गर्न सफल भयो । प्रतियोगितामा मकवानपुर बहुमुखी क्याम्पसका विश्व लामा उत्कृष्ट गोलकर्ता र उत्कृष्ट गोलकिपर अंकित पराजुली घोषित भए भने हेटौंडा स्कूल अफ म्यानेजमेन्टका सुशिल तिमल्सिना उत्कृष्ट खेलाडी चुनिए । प्रतियोगितामा ६ वटा क्याम्पसका ७ वटा टिमले सहभागिता जनाएका थिए ।


## सूचना ! सूचना ! सूचना !

हेटौंडा उपमहानगरपालिका एवं हेटौडा स्थित बिभिन्न कार्यालय र संघसंस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसंगको सञ्चारलाई सहजीकरण गर्न हेटौंडा उपमहानगर पालिका र मकवानपुर बहिरा संघको साझेदारीमा सांकेतिक भाषा सहजीकरणको लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौ ।

**सम्पर्कको लागि**

महिला तथा बालबालिका विकास महाशाखा
सम्पर्क नं : ०५७-५९०१०३
अम्बिका घिमिरे - ९८२१८५२६३३ (दोभाषे)

**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर



## व्यक्तिगत घटना दर्ता सम्बन्धी सुचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं ।

### जन्म दर्ता किन गर्ने ?



- बालवालिकालाई स्कुल भर्ना गर्न
- नागरिकता र पासपोर्ट बनाउन
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न

**मकवानपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मक्राञ्चुली, मकवानपुर



## थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय ।
ईन्द्रायणीचौर, मकवानपुर

### आ.व.२०८०/८१को लागि ढुंगा, गिट्टी, ग्रावेल, बालुवा उत्खनन, संकलन तथा निकासी कर उठाउने सम्बन्धी ईबिडिङ बोलपत्र आव्हानको सूचना

*तेस्रो पटक प्रकाशित मिति २०८०/०६/२६*

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११, उपदफा २ घ को (६) दफा ६४ उपदफा १(च) बागमती प्रदेश सरकारको आर्थिक ऐन २०७५ को दफा ८ (१) र सो संग सम्बन्धित अनुसुची ६, बागमती प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ बमोजिम थाहा नगरपालिकाको तपसिलका नदीहरुको घाटहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा व्यवस्था भए अनुसार निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट थाहा नगर पालिकाले तोकेको दरमा बिक्रीगर्ने गरी तपसिलमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आ.व. २०८०/८१ को मिति २०८० कार्तिक देखि २०८१ आषाढ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपसिलमा उल्लेखित कानूनी प्रकृया पूरा गरेका ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र, कारवाही वा कालो सूचीमा नपरेको स्वघोषणा, अख्तियारनामाको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन थाहा नगरपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहायका ठेक्का शिलबन्दी बोलपत्र मार्फत बन्दोवस्त गनुपर्ने भएकाले पटकको लागि यो बोलपत्र आह्वानको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि वेवसाईट www.bolpatra.gov.np/epg र गरपालिकाको वेवसाईट www.thahamun.gov.np मा गई टेण्डर डकुमेण्ट हेर्न तथा डाउनलोड गर्न सकिने छ ।

तपशील

| सि.न | ठेक्का नं. | ठेक्काको विवरण | जम्मा उठाउन पाउने परिमाण | न्युनतमअंक (भ्याट वाहेक) | दर रेट प्रति क्यूफिट | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ०१-२०८०/८१ | ढुगां, गिट्टी, बालुवा, ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ३०,१९,५४४ क्युफिट | २७१७५९८६। (दुई करोड एकहत्तर लाख पचहत्तर हजार नौ शय छयासी )मात्र | रु.९ | ५०००। | कबोल अंकको पांच प्रतिशत |

**राजश्व शाखा**
**थाहा नगरपालिका मकवानपुर**



## डेंगु रोग सम्बन्धि जानकारी

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन् ।



- उच्च ज्वरो आउनु ।
- आँखाको गेडी वरिपरि तथा टाउकाको पछाडीको भाग दुख्ने ।
- जिउ दुख्ने ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्ने ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।

डेंगु रोगको उपचार :
- डेंगु रोग भाईरसको कारणबाट हुनेहुंदा खास उपचार र खोप नभएकाले समयमै स्वास्थ्य सस्था वा अस्पताल गई लाक्षणिक उपचार गर्नु पर्दछ ।

डेंगु रोगबाट बच्ने उपायहरु :



- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु पर्छ ।
- लामखुट्टेको टोकाइबाट बच्नका लागि दिनको समयमा पुरै शरिर ढाकिने गरी लुगा लगाउने ।
- सुत्दा झुलको प्रयोग गर्ने ।
- जम्मा भएको सफा पानीमा डेंगु रोग सार्ने लामखुट्टेको बासस्थान हुने भएकाले घर वरिपरिको पानी जम्ने स्थानहरु जस्तै: खुल्ला पानी ट्याङ्की, टायर, गमला तथा कुनैपनि भाडामा लामो समयसम्म पानी जम्न नदिने र प्रत्येक ३ वा ४ दिनमा भाडा खाली गर्ने ।
- घरायसी प्रयोजनका लागि संकलन गरिएको पानीको भाडा राम्रोसंग ढाक्ने ।
- नियमित वातावरणीय सरसफाई गर्ने ।

**हेटौंडा उपमहानरपालिका १६ नं वडा कार्यालय**
हेटौंडा, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना